मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चट्याङले राक्सिराङका प्रजाको मृत्यु

हेटौंडा, ३ असार/मनसुन सुरु भएलगत्तै मकवानपुरको राक्सिराङ गाउँपालिका-२ थुम्कीमा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ । मत्यु हुनेमा स्थानीय ४५ वर्षीय बीरबहादुर प्रजा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक एवम् प्रवक्ता लक्ष्मी भण्डारीका अनुसार सोमबार विहान आफ्नै घरमा सुतिरहेका प्रजालाई चट्याङ लागेको थियो । चट्याङ लागेर घाइते भएका उनलाई उपचारको लागि हेटौंडा अस्पताल ल्याइएकोमा डाक्टरले मृत घोषणा गरेको भण्डारीले जनाकारी दिए ।

# हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्दा धेरै ठूलो समस्या हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/६ दशकको इतिहास बोकेको मकवानपुरको एकमात्र सरकारी अस्पताललाई मास्नेगरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐन बनेको बताइएको छ । ऐनको केही उपदफा खारेज गरी इतिहास बोकेको एकमात्र सरकारी अस्पताललाई जीवित राख्न माग गरिएको छ ।




२०७६ को ऐन बमोजिम मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको परिच्छेद-६ को दफा १५ को उपदफा १ मा अस्पतालको स्थापना गर्नेछ भनिएकोमा सोही दफाको उपदफा २ ले प्रचलित कानुन बमोजिम स्थापित भई संचालन भइरहेको हेटौंडा अस्पताललाई नै उपदफा १ बमोजिम स्थापना भएको मानिनेछ भनेर चोर बाटोबाट हेटौंडा अस्पताल कब्जा गर्न खोजिएको नेपाली कांग्रेसका सचिव भीमसेन महतले बताएका छन् ।

हेटौंडा अस्पतालको चलअचल सम्पति सरकारी सम्पति रहेको र यो सम्पति कुनै संस्था वा प्रतिष्ठानलाई दिनुपर्ने भएमा संघीय मन्त्रिपरिषद्को निर्णय भएर मालपोत कार्यालयमार्फत प्रतिष्ठानको नाममा पास हुनुपर्ने हुन्छ । हालसम्म पनि सरकारी सम्पति सरकारकै नाममा रहेकोले प्रतिष्ठानको कुनै दाबी नलाग्ने, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐनको परिच्छेद-२ को दफा ४ को उपदफा ३ बमोजिम प्रतिष्ठानले व्यक्तिसरह चलअचल सम्पति उपभोग गर्न र बेचबिखन गर्न सक्ने व्यवस्था भएकोले जुनसुकै बेला यो सरकारी सम्पति व्यक्ति सरह बेचेर अस्पतालको नामोनिसान मेटाउन सक्नेछ अवस्था रहेको बताइएको छ ।

प्रतिष्ठानको रजिस्ट्रार नै अस्पतालको अध्यक्ष हुने प्रावधान अनुसार स्थानीय व्यक्ति अध्यक्ष भई अस्पतालको विकासमा सहयोग गर्न सक्ने ठाउँमा एउटा राजनीतिक नियुक्ति लिएर आउने बाहिरी व्यक्ति अस्पतालको अध्यक्ष हुने अवस्थाले अस्पतालको विकास भन्दा पनि राजनीतिक स्वार्थ पूरा गर्न केन्द्रित हुनाले अस्पताल धरासायी हुने स्थिति रहने सचिव महतले बताए । मकवानपुरका क्रियाशील राजनीतिक दल तथा नागरिकले बिरोध प्रदर्शन सुरु गरेका छन् ।

प्रतिष्ठानअन्तर्गत अस्पताल रहँदा जिल्लामा नि:शुल्क खोप, नि:शुल्क प्रसुतिसेवा, नि:शुल्क औषधि, नि:शुल्क स्वास्थ्यसेवा जस्ता नेपाल सरकारका अत्यावस्यक सरकारी स्वास्थ्यसेवाका कार्यक्रम संचालन नहुने अवस्था आउँछ र विभिन्न स्वास्थ्य समस्याको जाँच तथा उपचारमा सरकारी कार्यक्रम र बजेट नहुँदा जिल्लाका जनताले सरकारी स्वास्थ्य कार्यक्रमबाट बञ्चित हुनुपर्ने स्थिति रहन्छ भन्ने तर्क हेटौंडा अस्पतालका स्वास्थ्यकमीहरुले गरेका छन् ।

हालको दरबन्दीका विभिन्न कन्सल्टेन्ट डाक्टरहरु र सिनियर नर्सहरु सरकारी सेवामा नहुनाले सो प्रकारका चिकित्सक यस अस्पतालमा नरहने स्थिति आउँछ र राजनीतिक पहुँचका आधारमा भर्ती गरिएका अनुभवहिन र क्षमताहिन डाक्टर, नर्स र अन्य स्वास्थ्यकर्मी रहनाले गुणस्तरीय स्वास्थ्यसेवा प्रवाहमा समस्या आउने अवस्था हुनेछ । २०५ दरबन्दीका कर्मचारीको तलबको लागि मात्र पनि करिब १५ करोड लाग्ने र अन्य स्वास्थ्यसेवा संचालनको लागि करिब २५ करोड लाग्ने हुँदा आफ्नो सम्पति नभएको प्रतिष्ठानको वार्षिक करिब ४० करोडको व्ययभार कसरी ब्यवस्थापन हुने भन्ने कुरा पनि अनिश्चित रहेको नेका सचिव महतले बताए ।

अस्पताल संचालन गर्न वा वार्षिक ४० करोड रुपैयाँ रकम जोहो गर्न अस्पतालको हालको सेवा शुल्कहरु करिव १० गुणा महँगो हुने स्थिति आउँछ । हाल ४० रुपैयाँ पर्ने ओपीडीको टिकटको शुल्क करिव ५०० हुनेछ अनि १० हजारमा हुने अपरेसनको शुल्क करिब १ लाख हुनेछ र सोको व्ययभार जिल्लाबासीलाई पर्नेछ । बिगतमा १३० जना कर्मचारी भर्ना गर्दा त आर्थिक व्ययभार थाम्न नसकेर स्वास्थ्य मन्त्रालयअन्तर्गत सो कर्मचारीको व्यवस्थापन गर्नुपरेको यथार्थ स्थिति सबैसामु छ । झन् अव करिब ४०० कर्मचारीको आर्थिक दायित्व बोक्न सक्ने स्थिति देखिदैन ।

अझ राजनीतिक भर्तीकेन्द्र बन्ने स्थितिबाट अस्पताललाई थप आर्थिक भार पर्ने हुँदा अस्पताल आफैं बिरामी परी मृत्युवरण गर्नुपर्ने स्थिति आउँने बताइएको छ । बीर अस्पताल जस्तो संघीय बजेट प्राप्त गर्ने अस्पतालमा समेत देखिएको आर्थिक अभावबाट बिरामीको खानाको पैसा समेत कटौती भएको उदाहरण हामी सामु प्रष्टै छ नेका सचिव महतले भने त्यस्तै पैसाको अभावमा आइसीयूको २५ बेड समेत बन्द भएको सबैलाई थाहै छ ।

कर्मचारीले महिनौंदेखि तलबभत्ता नपाएर बेलाबेलामा आन्दोलन गर्नुपरेको देखिरहेकै कुरा हो । त्यही दुर्दशा हेटौंडा अस्पतालमा देखिन धेरै वर्ष लाग्दैन । यो त झन् चाँडै धरासायी भई चलाउन नसकेर सम्पति लिलाम गर्नुपर्ने स्थिति आउँने बिज्ञहरुले बताएका छन् ।

# बालश्रममा लगाउने १५ प्रतिष्ठान कारबाहीमा

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ बालबालिकालाई श्रममा लगाउने १५ औद्योगिक प्रतिष्ठान तथा रोजगारदातालाई श्रम तथा रोजगार कार्यालय हेटौंडाले कारबाही गरेको छ । चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनामा गरिएको अनुगमनका क्रममा बालश्रमिकका रुपमा काम लगाउने प्रतिष्ठान तथा रोजगारदातामाथि कारबाही गरिएको कार्यालयका प्रमुख छन्दनारायण श्रेष्ठले जानकारी दिएका छन् ।

श्रेष्ठका अनुसार प्रतिष्ठान तथा रोजगारदातामाथि कारबाही गरी ३७ हजार ७०० रुपैयाँ जरिवाना असुल गरिएको छ र ३ लाख ४१ हजार रुपैयाँ क्षतिपूर्ति तिराइएको छ । यो अवधिमा विभिन्न उद्योग प्रतिष्ठानबाट बालश्रमिकका रुपमा रहेका २२ जना बालबालिकाको उद्दार गरिएको कार्यालयप्रमुख श्रेष्ठले जानकारी दिएका छन् । चालु आर्थिक वर्षको वैशाखसम्म २०० प्रतिष्ठानको अनुगमन गरिएको थियो । अधिकांश ठूला उद्योग प्रतिष्ठानमा न्यूनतम पारिश्रमिकलगायत श्रम कानुनको पालना गरिएको भएपनि साना उद्योग प्रतिष्ठानमा नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक, सामाजिकसुरक्षा, व्यवसायजन्य सुरक्षाको अवस्था कमजोर रहेको श्रेष्ठले जानकारी दिएका छन् ।

अनुगमनमा कमजोरी देखिएका उद्योग प्रतिष्ठानलाई सुधार गर्न आवश्यक निर्देशन दिइएको र श्रमिक तथा व्यवस्थापकलाई समेटेर सचेतनामूलक कार्यक्रम गरिएको उनको भनाइ छ । श्रम तथा रोजगार कार्यालय हेटौंडामा होटल, उद्योग, वर्कसप गरी ५० वटा साना-ठूला उद्योग प्रतिष्ठान सूचीकृत छन् । चालु आवमा १५० प्रतिष्ठानलाई सूचीकृत हुन ताकेता गरिएको कार्यालयप्रमुख श्रेष्ठले बताएका छन् ।

श्रम कार्यालयमा धेरैजसो उजुरी पारिश्रमिक नपाएको सम्बन्धी आउने गरेको उनको भनाइ छ । चालु आर्थिक वर्षको १० महिनामा पारिश्रमिकसम्बन्धी ७० वटा उजुरी कार्यालयमा दर्ता भएका थिए । यसमध्ये ५५ वटा उजुरी प्रत्यक्ष वार्तामार्फत् समाधान गरिएको र बाँकी १५ वटा उजुरी समाधानको प्रक्रियामा रहेको प्रमुख श्रेष्ठले जानकारी दिएका छन् ।

श्रेष्ठका अनुसार यो अवधिमा श्रमिक आपूर्तिकर्ता कम्पनी दर्ता तथा नवीकरणबापत ६८ हजार ५०० रुपैयाँ, बालश्रमसम्बन्धी जरिवानाबापत ३७ हजार ७०० रुपैयाँ र ट्रेडयुनियन दर्ता तथा नवीकरण बापत १ हजार ६५३ रुपैयाँ गरी १ लाख ७ हजार ८५३ रुपैयाँ राजस्व संकलन भएको छ । यस अवधिमा मकवानपुर, चितवन, सिन्धुलीमा विभिन्न सचेतनामूलक कार्यक्रम गरिएको कार्यालयले जानकारी दिएको छ ।

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा
☛ शान्त तथा स्वच्छ वातावरण
☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096, 9855057021,9804219546, 9855078775

# मसिनेको ओमशान्ति भवनलाई चैनपुर जेसीजको सिमेन्ट सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ चैनपुर जेसीज मनहरीले मकवानपुरको मनहरी गाउँपालिका-४ मसिनेमा निर्माणाधीन ओम शान्ति भवनलाई सिमेण्ट सहयोग गरेको छ । जेसीजका अध्यक्ष रविन ढकालको जन्मदिनको सन्दर्भ पारेर सोमबार एक कार्यक्रमबीच ओमशान्ति भवनका लागि २० बोरा सिमेण्ट सहयोग गरेका हुन् ।

फजुल खर्च गरेर जन्मदिन मनाउनु भन्दा संस्थालाई आवश्यक सहयोग गरिएको अध्यक्ष ढकालले बताए ।

कार्यक्रम संयोजक सुरज ढुंगानाको संयोजकत्वमा भएको कार्यक्रममा मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्यता रहेको थियो । वडाध्यक्ष थापाले सामाजिक कार्य गरेर जन्मदिन मनाउने कार्यको सबैले अनुशरण गर्नुपर्ने बताए । चालु आर्थिक वर्षमा समेत ओम शान्तिको भवनका लागि बजेट विनियोजन गरेको बताउँदै वडाअध्यक्ष थापाले आगामी वर्षका लागि पनि सहयोग गर्ने प्रतिबद्धता जनाए ।

ब्रम्हकुमारी राजयोग सेवाकेन्द्र ओमशान्तिका सञ्चालक सुशिला दिदीले धर्मले मानिसलाई अनुशासित बनाउने उल्लेख गर्दै सबैको सहयोगबाट संस्था सञ्चालन भैरहेको जानकारी दिइन् । धर्मकर्म तथा सामाजिक कार्यमा युवापुस्ताले ध्यानदिन जरुरी रहेको उनको सुझाव थियो ।

सहयोग हस्तान्तरण कार्यक्रममा चैनपुर जेसीज मनहरीका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, मसिने शान्ति सामुदायिक वन समितिका अध्यक्ष रामहरि विष्ट, पशुपति टोलविकास संस्थाका अध्यक्ष बालमुकुन्द ढकाल, उज्वलभविष्य मध्यवर्ती समूहका अध्यक्ष नवराज गौतम, पशुपतिनाथ माविका विब्यस अध्यक्ष माधव गौतम लगायतको आतिथ्यता रहेको थियो ।

# हत्यामा संलग्न अभियुक्त २० वर्षपछि पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/हत्या अभियोगमा १६ वर्ष कैद र ३ लाख रुपैयाँ जरिवानाको फैसला सुनाइएका एक व्यक्तिलाई प्रहरीले २० वर्षपछि पक्राउ गरेको छ । घटना भएको २० वर्षदेखि फरार रहेका अभियुक्तलाई मकवानपुर प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरले आइतबार इन्द्रसरोवर गाउँपालिका-१ स्थित नयाँगाउँका ६१ वर्षीय सन्तबहादुर वाइबालाई पक्राउ गरेको प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए ।

२०६१ जेठ ३ गते तरकारी व्यापारको निम्ति मार्खु आएका काठमाडौंका ४२ वर्षीय केदारप्रसाद पराजुलीको साथमा रहेको ५० हजार रुपैयाँ लुटेर भीरबाट लडाएर वाइबाले पराजुलीको हत्या गरेका थिए । फरार प्रतिवादी वाइबालाई कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले २०७० सालमा १६ वर्ष कैद सजाय र ३ लाख रुपैयाँ जरिवाना हुने फैसला गरेको थियो । पराजुलीको हत्यापश्चात फरार भएका वाइवा केही समयदेखि घरमा नै बस्दै आएको प्रहरीले जानकारी दिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# उपमहानगरको बजेट

हेटौंडा उपमहानगरले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि चालु आर्थिक वर्षको बजेटभन्दा ४६ करोड ७२ लाख २९ हजार रुपैयाँ अर्थात् १६.०७ प्रतिशत घटाएर ल्याएको छ । यो पनि आर्थिक मन्दीको एउटा उदाहरण हो । उपमहानगरले आगामी आवको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न २ अर्ब ४३ करोड ८९ लाख ७१ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । आन्तरिकस्रोतबाट ५३ करोड २७ लाख ९५ हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट ६१ करोड ६५ लाख ८६ हजार रुपैयाँ, प्रदेश सरकारको विभिन्न अनुदानबाट ११ करोड १७ लाख ३९ हजार रुपैयाँ र संघीय अनुदानबाट १ अर्ब १६ करोड ५३ लाख रुपैयाँ बेहोरिने अनुमान छ । उपमहानगरले बजेटको प्राथमिकतामा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने जनाएको छ । स्थानीय सहभागिता जुट्ने, स्वयम्सेवा परिचालन गरी लागत न्यूनीकरण गर्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने बजेटको प्राथमिकताको क्षेत्र निर्धारण गरिएको छ । समावेशी र दिगो विकास, वातावरण संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा सांस्कृतिकपक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने, शिक्षा, स्वास्थ्यक्षेत्रको गुणस्तरीयता एवम् सबलीकरण, सबै प्रकारका सामाजिक विभेद अन्त्य भएको मानवताको सहर स्थापना गर्ने बजेटको प्राथमिकता रहेका छन् ।

उपमहानगरको बजेटले विकासका लागि आर्थिक, सामाजिक, भौगोलिक पूर्वाधार खडा गर्ने, शासनमा सुधार र सेवाप्रवाहमा जनताको सहज पहुँच वृद्धि, आन्तरिक क्षमता विकास र सुदृढीकरणमा जोड, सन्तुलित एवम् दिगो समावेशी विकासको अवधारणालाई आत्मसात् गर्ने बजेटको उद्देश्य छ । गरिबी न्यूनीकरण तथा जनजीविकामा टेवा पुऱ्याउने, समृद्ध नगर सुखी नगरवासीको लक्ष्य हासिल गर्ने उद्देश्यका साथ उपमहानगरले बजेट तर्जुमा गरेको छ । उपमहानगरले आगामी आर्थिक वर्षमा हेटौंडा-१० मा निर्माणाधीन एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माण सम्पन्न गरी सञ्चालन गर्न ६ करोड बजेट विनियोजन गरेको छ । सहरी सडक मर्मतसम्भारका लागि सडक बोर्डसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्न १ करोड ७० लाख विनियोजन गरेको छ भने विभिन्न पूर्वाधारको आकस्मिक मर्मत सम्भारका लागि मर्मतसम्भार कोषमा १ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ । संघ तथा प्रदेश सरकारको लागत, सहयोग तथा समन्वयमा कर्रा करिडोर निर्माणको निरन्तरताका लागि आवश्यक व्यवस्था गरिएको उपप्रमुख राजेश बानियाँले बताए । जिम्मेवारी सर्ने योजनाको भुक्तानीका लागि १७ करोड रुपैयाँ व्यवस्था गरिएको छ । पदमपोखरी मुख्य सडक विस्तार कार्यका लागि ७ करोड रुपैयाँ विनियोजित छ । हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग साझेदारी कार्यक्रम, न्यूनतम महसुल भुक्तानी लगायत कार्यका लागि २ करोड ८ लाख रुपैयाँ, नगरको प्रशासनिक भवनमा लिफ्ट जडान, पर्खाल एवम् चमेनागृह निर्माणका लागि ५० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

उपमहानगरले आगामी आर्थिक वर्षमा नागस्वती फुटबल स्टेडियम निर्माणका लागि १ करोड ७२ लाख रुपैयाँ, संघीय सरकारबाट हेटौंडा चक्रपथअन्तर्गत् वडा नम्बर १५, १६, १७ को सडकखण्ड स्तरोन्नति गर्न २ करोड रुपैयाँ, चाइनाक्वाटरबाट राप्ती बाइपास जोड्ने सडकका लागि १ करोड रुपैयाँ, नेवारपानी गुम्बाटोल हुँदै गाल्छाराङ-लिक्चे कैलाश, हेटौंडा-कैलाश-राक्सिराङ जोड्ने सडकका लागि २ करोड रुपैयाँ, बिपीमार्ग स्तरोन्नतिका लागि १ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । उपमहानगरले पूर्वाधार विकास क्षेत्रभित्र पर्ने सडक, ऊर्जा, सडकबत्ती, जलस्रोत, पर्यटन, भवन तथा आवास, सिँचाइलगायत नगरस्तरीय पूर्वाधारतर्फ ८८ करोड ८६ लाख ९९ हजार रुपैयाँ बजेट विनियोजन गरेको उपमेयर बानियाँले बताए । उपमहानगरले आगामी आर्थिक वर्षमा शिक्षक बैंक, मोवाइल शिक्षक, सिल्भर स्वयम्सेवक, सुनौलो शुक्रबार कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छ । शिक्षातर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न ७३ करोड २७ लाख रुपैयाँ र आन्तरिकतर्फ ४ करोड ४५ ७२ लाख रुपैयाँ विनियोजन गरिएको छ भने हटिया र पदमपोखरीस्थित आधारभूत अस्पताललाई स्वास्थ्य बीमामा आबद्ध गरी सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । स्वास्थ्यतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न सशर्तसमेत ७ करोड ६९ लाख ६२ हजार रुपैयाँ, युवा तथा खेलकुदसँग सम्बन्धित कार्यक्रमका लागि १ करोड ८२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार ५ गते बुधबार १९ जुन २०२४ । द्वादशी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ७:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परीक्षामा सफलता मिल्नेछ | **तुला** | : धर्मकर्ममा मन जानेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : नयाँ मित्रसूग भेटघाट हुनेछ |
| **मिथुन** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **धनु** | : अधुरो काम बन्ने सम्भावना छ |
| **कर्कट** | : शुभ समाचार मिल्नेछ | **मकर** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **सिंह** | : भाग्येदयको योग छ | **कुम्भ** | : आफन्तबाट विरोध हुनेछ |
| **कन्या** | : सहयोगी हातहरु बढ्नेछ | **मीन** | : पेसाबाट घाटा देखिन्छ |

# औसत राजनीतिज्ञले बिगारेको देश



✍ गुरुराज घिमिरे

जसको चिन्तन केवल पार्टीको पद हत्याउने, चुनाव जित्ने र जसरी हुन्छ सत्ता र शक्तिमा पुग्ने मात्र हुन्छ, त्यस्ता पात्र वा र ाजनीतिज्ञबाट देश कसरी बन्छ ? जुन देशको नेताले दिनको चौबीस घण्टामा एक घण्टा पनि नयाँ पुस्ताका लागि सोच्तैन, समाज र आगामी भविष्यको चिन्ता गर्दैन, त्यस्ता नेताबाट के अपेक्षा गर्ने ? जुन देशको प्रधानमन्त्री आफ्ना नागरिक कसरी बाँचेका छन् भनेर खोजखबरसम्म गर्दैन, त्यो देशले कति दु:ख पाउला ?

तर विडम्बना हामी त्यस्तै पात्रबाट निरन्तर शासित छौं र केही होला भनेर ठूलो आशमा बसेका छौं । यसले हाम्रो चेतना स्तर समेतलाई दर्शाउँछ । हामी आफैं बुद्धु छौं, जथाभावी भोट हाल्छौं र दिन फर्केला भनेर प्रतीक्षा गर्छौं । त्यति मात्र होइन, कोही न कोही त पक्कै आउला र हामीलाई बचाउला भनेर दिन गनेर बस्छौं ।

यसैगरी अझै कति दिनसम्म बस्ने? एउटा भनाइ प्रचलित छ- समाजमा दुई प्रकारका मानिस हुन्छन् । एक, चिट्ठा पर्ला र धनी हौंला भनेर दिन गनेर बस्ने, अर्को, दिनरात मिहिनेत गर्ने र धनी हुने । हामी कस्ता छौं, आफैं विचार गरौं । तर एउटा कुरा चाहिं पक्का हो कि हामीलाई कडा मिहिनेत गर्न प्रोत्साहन गर्ने राजनीतिक नेतृत्व यतिबेला नेपालमा छैन ।

अब अलिकति भारतको लोकसभा निर्वाचनको चर्चा गरौं । मित्र राष्ट्र भारतमा हालसालै सम्पन्न लोकसभा निर्वाचनले त्यहाँको राजनीतिक तस्बिर, दलहरुको लोकप्रियता, शक्ति र आयामलाई नयाँ मोड दिएको छ । नयाँ प्रधानमन्त्रीको रूपमा पुरानै प्रधानमन्त्री नरेन्द्र मोदीले गत जून ९ मा शपथ लिएका छन् र ७२ सदस्यीय मन्त्रिमण्डल गठन समेत भैसकेको छ । गत संसदीय निर्वाचनको तुलनामा भारतीय राष्ट्रिय कंग्रेसले आफ्नो परिस्थितिमा उल्लेखनीय सुधार गरी इण्डिया गठबन्धनको सहयोगमा सरकार गठन गर्न सक्ने आँकडा नजिक पुगेको छ । दुवै गठबन्धनको लोक सभा सिट २०० र ३०० को बिचमा छ ।

तर कंग्रेस नेतृत्वको गठबन्धनले सरकार बनाउन प्रयास नगर्ने घोषणा गरेर एनडीए गठबन्धनले प्राप्त गरेको जनमतको सम्मान गरेको छ । त्यहाँ नेपालमा जस्तो एउटा गठबन्धनबाट चुनाव जितेर अर्को गठबन्धनमा सामेल हुने मौकापरस्त राजनीति चलेन । विगतका दुवै निर्वाचनमा आफ्नो पार्टीको एकल बहुमतबाट प्रधानमन्त्री बनेका मोदीको शिरमा यसपटक गठबन्धनको तरबार झुन्डिएको छ । सरकारको नेतृत्व गरे पनि अब एक्लै निर्णय गरेर अघि बढ्ने विगतको सुविधामा अंकुश लागेको छ भने भारतीय राष्ट्रिय कंग्रेस तङ्गिएको छ । र, आफ्नो सिट संख्यालाई लगभग दुगुना बनाएको छ । यद्यपि लोकसभामा एक्लै २४० सिट ल्याएर भाजपा अरू दलभन्दा मजबुत देखिएको छ ।

नेपालमा कम्युनिस्ट पार्टीले सरकारको नेतृत्व गरिरहेका बेला त्यहाँका कम्युनिस्टहरूको जनमत ह्रासोन्मुख छ । सबै कम्युनिस्ट पार्टीहरु भाकपा मार्क्सवादी, भाकपा, भाकपा माले लगायतको सिट संख्याले दश पनि नाघेको छैन । भारतीय राजनीतिमा उनीहरुको अस्तित्वमा नै गम्भीर प्रश्न उठेको छ । र, असान्दर्भिक हुँदै गएको देखिन्छ । भारतीय राष्ट्रिय राजनीतिमा क्षेत्रीय दलहरुको प्रभाव ह्वात्तै बढेको छ । सत्ता राजनीतिमा अब उनीहरु निर्णायक खेलाडी भएका छन् । लोकसभामा कसैको एकल बहुमत नआउनुले छिमेकी देशहरुप्रतिको भारतीय दृष्टिकोण सन्तुलित र परिपक्व रहने सम्भावना बढेको छ । अब त्यहाँको राजनीतिलाई दलविशेषले आफ्नो अनुकूल मात्र चलाउने र अघि बढाउने सम्भावना समाप्त भएको छ । समयक्रममा यसका परिणामहरु देखिँदै जानेछन् ।

एउटा ठूलो र शक्तिशाली छिमेकी राष्ट्रको आमचुनाव र सरकार गठनको राजनीतिक घटनाले नेपाल जस्ता साना र कम विकसित देशको राजनीतिमा प्रभाव नपर्ने कुरै भएन । यस मामलामा नेपाल पुरानो भुक्तभोगी पनि हो । कमजोर छिमेकीहरु शक्तिशाली छिमेकीबाट सकारात्मक व्यवहार र सहयोगको सदैव अपेक्षा गर्दछन् । अझ भौगोलिक मात्र होइन- धार्मिक, सांस्कृतिक र सामाजिक रुपमा पनि युगौंदेखि गहिरो र अन्योन्याश्रित सम्बन्ध र हेको नेपालले भारतबाट अपेक्षा गर्नु स्वाभाविक नै हो । हाम्रो द्विपक्षीय सम्बन्धको इतिहास धेरै पुरानो छ । यस भूखण्डका आफ्नै मौलिक विशेषताहरु छन् जसलाई अरू राष्ट्रसँग तुलना गर्न वा दाँज्न मिल्दैन । जसको थोरबहुत लाभ दुवै देशका नागरिकहरुले लिएका छन् । धार्मिक आस्था, भाषाको लिपि, आध्यात्मिक चेतना, आराध्यदेव, सांस्कृतिक धरोहर र सामाजिक आयामहरुको साझापन र एकरुपताले दुवै देशको व्यक्तित्वलाई विश्व परिदृश्यबाट एकदमै फरक एवं निकट देखाएको छ । र यसमा सत्यता छ पनि । त्यसैले दुवै सार्वभौम राष्ट्रको सम्बन्ध पनि तदनुरुप नै होस् भन्ने जनअपेक्षा मात्र होइन, दुनियाँकै अपेक्षा देखिन्छ ।

र अर्को कुरा संसदीय निर्वाचनमा एउटै गठबन्धनमा चुनाव लडेका दलहरू आफ्नो फाइदाका लागि अस्थिर बन्नुहुँदैन भन्नेमा शिक्षा समेत दिएको छ । अब नेपालले के गर्ने र कसरी अघि बढ्ने त भन्ने प्रश्न निकै पेचिलो छ । आजसम्म के गर्नु पर्थ्यो र के गर्‍यौं ? विगतमा जतिबेला गरेनौं, अब त्यो समय हामीसँग छैन र हामीसँग अहिले जुन समय छ, यसलाई कसरी सदुपयोग गर्ने ? हुनत हामीसँग यतिबेला राष्ट्रिय चिन्तन बोकेको राजनीतिक नेतृत्व छैन, औसत राजनीतिज्ञ मात्र छन्, जसलाई आफ्नो र परिवारको मात्र चिन्ता छ । तथापि हामीलाई अघि बढ्नु नै छ । त्यसैले चिन्तन यसैमा हुनुपर्छ ।

हामी दुई ठूला विश्व महाशक्ति राष्ट्रको बीचमा छुट्टै र स्वतन्त्र अस्तित्वका साथ आजसम्म बाँचेका छौं । दुवै राष्ट्रका लागि नेपालको सामरिक महत्त्व पनि छ । र यो झन् बढेर गएको छ । तसर्थ पहिलो कुरा त दुवै छिमेकीसँग सुमधुर सम्बन्ध राख्नुपर्छ, हाम्रो राष्ट्रिय हितलाई सर्वोपरि राख्दै उनीहरुको अहित हुने कार्य गर्नुहुँदैन । आजसम्म यसमा हाम्रो पटक्कै ध्यान पुगेन । न त हामीले राष्ट्रिय हितको जगेर्ना र प्रवर्धन गर्न सक्यौं, न छिमेकीको संवेदनशीलता बुझ्यौं । हामीले स्थापना र पुन:स्थापना गरेको लोकतान्त्रिक प्रणाली हाम्रा लागि मात्र भयो, देश र जनताका लागि भएन ।

राणाशाहीको अन्त्यपछि नै हाम्रो स्वार्थको टकराव सुरु भयो । देशलाई स्वाभिमानपूर्वक अघि बढाउन खोज्ने केही राजनीतिक पात्रहरुको निर्ममतापूर्वक दमन गरियो । आखिर परिणाम के भो त, हामी सबैलाई राम्रोसँग थाहा छ । नेपालमा प्रजातन्त्रको स्थापनापश्चात् हामीले राष्ट्र निर्माणको सुनियोजित यात्रा प्रारम्भ गर्न सकेको भए आज नेपालको हालत यस्तो हुने थिएन । र संसारभर नेपालीहरू यति साह्रो हेपिनु पर्ने थिएन । अरू कुनै पहिचान बनाउन नसकेर वीर गोर्खाली, सगरमाथा र बुद्धको देश भनेर बारम्बार चिच्याउनुपर्ने थिएन । यसैगरी कतिपय विषयमा छिमेकीहरुलाई दोष दिएर आफ्नो अयोग्यता, कमजोरी र दोष ढाकछोप गर्नुपर्ने थिएन । यसले एउटा नेपाली उखानलाई चरितार्थ गरेको छ, "नाँच्न नजान्ने, आँगन टेढो" ।

अब कुरा आउँछ, समस्या कहाँ छ त ? यहाँ समस्या राजनीतिक दलको उम्मेदवार छनोट प्रणालीबाटै सुरु हुन्छ । वडा सदस्यदेखि संघीय संसद्को सदस्यसम्मका उम्मेदवार छान्दा अपनाइने प्रक्रिया बिल्कुलै परम्परागत र अवैज्ञानिक छ । राज्यको कुन तहमा कसलाई किन पठाउने भन्ने वस्तुनिष्ठ आधार र तर्कसंगत कारण स्पष्ट नगरि कन अन्धाधुन्ध वा दलका नेताको स्वार्थ वा मनोगत चाहना मुताविक उम्मेदवार छान्दा मतदाताले किन मत हाल्ने भन्ने स्वत: प्रश्न उठ्छ । आजसम्म यस्तै हुँदै आएको छ र निर्वाचनबाट गतिला नेता पनि पैदा भएका छैनन् । आजसम्मको अभ्यासबाट अपवादका सीमित नेता बाहेक अधिकांश औसत नेता जन्मेका छन्, जो वैयक्तिक स्वार्थ भन्दा माथि उठ्नै सक्तैनन् । कतिलाई त राजनीतिमा किन छु भन्ने थाहा छैन । यस्ता व्यक्ति मन्त्रीसम्म पनि भैसकेका छन् । तर हामी यस्तै नेताबाट आश गरेर बसेका छौं । नेपालको राजनीतिमा यस्तै प्रवृत्तिको रजगज छ ।

राज्यको संवैधानिक र कानुनी प्रबन्धहरु अझैसम्म सामन्तवादी र परम्परागत छन् । राष्ट्रिय चिन्तन र क्षमता नभएका व्यक्तिहरु फगत प्रशासनिक पृष्ठभूमिका आधारमा राज्यको संवैधानिक र प्रशासनिक पदमा चयन गरिन्छन् । अझ हास्यास्पद कुरा त के छ भने मुख्य दलहरू बीच पदमा भागबन्डा हुन्छ र त्यहाँ नाता एवं द्रव्यको मोलमोलाइका आधारमा नियुक्ति गरिन्छ । संवैधानिक अङ्गले महत्त्वपूर्ण कदम चाल्नुपर्दा राजनीतिक दलको झैं त्यहाँ बहुमत अल्पमत हुन्छ । कूटनीतिक क्षेत्रमा क्षमताविहीन आसेपासेहरुको भर्ती गरिन्छ । यसबाट न वैदेशिक सम्बन्धमा सुधार हुन्छ, न त दातृ राष्ट्र वा संस्थाले नेपाललाई सहायता गर्ने वातावरण बन्छ ।

के कूटनीतिक क्षेत्र आसेपासेलाई जागिर खुवाउने ठाउँ हो? राज्यका महत्त्वपूर्ण स्थानहरु जिन्दगीबाट थाकेका र केही स्वार्थ पूरा गर्न बाँकी रहेका रोगी पात्रहरुको थकाइ मार्ने बिसौनी भएका छन् । विश्वविद्यालयमा सर्वोत्कृष्ट नतिजा ल्याएका, उमेर, ऊर्जा र क्षमता भएका युवाहरुमाथि चरम दुर्व्यवहार छ । समाजका हिराहरुलाई कौडीको मोल दिइँदैन । अनि उनीहरुले देश नछाडेर के गरुन् ? यस्तो रवैयाले देश अगाडि कसरी बढ्छ ? व्यक्ति वा संस्थाको जीवन कार्यसूचीबद्ध भएन भने यस्तै हुन्छ । राष्ट्र एउटा विशाल संस्था हो, नागरिकले आफ्ना लागि निर्माण गरेको हो । तर आज नेपालको सन्दर्भमा राज्य स्वयं नागरिकको वैरी भएको छ । न गुणस्तरीय शिक्षा, न स्वास्थ्योपचार, न रोजगारी, न उद्यम, न उद्योग कलकारखाना, न महँगी नियन्त्रण, न शान्ति र अमनचैन, न सुरक्षा, आखिर केका लागि राज्य चाहिएको हो त ? आफ्ना नागरिकका विषयमा पटक्कै चासो नदिने राज्यको के काम ? आज जनमानसमा उठिरहेको प्रश्न हो यो । गफाडी, स्वार्थी र सत्तालोलुप नेता भएको देश बर्बाद नभए के हुन्छ !

हामीले आजसम्म लोकतन्त्रको संस्थागत विकास गर्ने दिशामा पटक्कै ध्यान दिएनौं । पद्धतिले काम गर्ने र व्यक्ति गौण हुने परिपाटी बसाल्न सकेनौं । यस तितो यथार्थलाई मनन गरी सुनि लक्षण पनि देखाएनौं । यो सबै परिस्थितिलाई हेर्दा हामी रोबर्ट मुगावेको बाटोमा अग्रसर छौं झैं प्रतीत हुन्छ । जिम्वाबेमा रहेको बेलायती औपनिवेशिक शासनको अन्त्यका लागि लडेका, एकदशक जेल बसेका, स्वतन्त्रता सेनानी, सन् १९६० को दशकका क्रान्तिकारी नेता रोबर्ट मुगावेले जिम्वाबेलाई झण्डै चारदशक प्रधानमन्त्री र राष्ट्रपतिको रूपमा नेतृत्व प्रदान गरेको हामीलाई थाहा छ । तर सत्तारूढ भएपछि उनको रबैया के भयो? उनले जिम्वाबेलाई आफ्नो मुट्ठीमा राखेर तहसनहस पारे । अन्तत: सन् २०१७ मा राष्ट्रिय हितको खातिर सेनाको सहयोगमा उनलाई हटाउनुपऱ्यो । के नेपाल त्यही बाटोमा अग्रसर हो ? प्रजातन्त्रको नाममा कुलीनतन्त्रको अभ्यास गरेर जनताको नाममा कति दिन शासन गर्न सकिन्छ, समयमै विचार गरौं ।

*(साभार: अनलाइनखबर)*

# नेपालको शैक्षिक विरासत र सुधारका चार आयाम

✍ दुनबहादुर बुढाथोकी

नेपालका प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणाले १९०६ सालमा बेलायत तथा फ्रान्सको भ्रमणको बखतमा अंग्रेजी भाषा ज्ञान नभएको कारण अपमानित महसुस गरेको बताइन्छ । सोही अनुभूतका कारण राणा परिवारका सदस्यहरुको अध्यापनार्थ उनले १९१० सालमा दरबार हाइस्कुल स्थापना गरेका थिए।

नेपालमा उच्च शिक्षा अध्यापनार्थ शैक्षिक संस्थाको स्थापना १९७५ सालमा राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरको पालामा भएको थियो । जहाँ मानविकी र समाजशास्त्रतर्फ इन्टरमिडियट स्तरको अध्यापन प्रारम्भ गरिएको थियो । शुरुमा भारतको कलकत्ता विश्वविद्यालयसँगको सम्बन्धनमा सञ्चालित उक्त कलेजले १९८१ सालदेखि भारतको पटना विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी सञ्चालन भएको थियो ।

त्रिचन्द्र कलेज स्थापना भएको ३५ वर्षपश्चात् विश्वविद्यालयको सम्बन्धन प्राप्त गरी उच्च शिक्षा स्वदेशमै उपलब्ध गराउने सोच तत्कालीन सरकारको मानसपटलमा विकास भएको पाइन्छ । सो अनुरुप वि.सं. २००९ मा तत्कालीन सरकारद्वारा गठित शिक्षा समितिको सिफारिसमा वि.सं. २०११ मा राष्ट्रिय शिक्षा योजना आयोगको गठन गर्ने कार्य भयो । सोही आयोगको सुझावमुताबिक २०१३ सालमा त्रिभुवन शिक्षापिठ नामक शैक्षिक संस्थाको स्थापना गरियो । उक्त शिक्षण संस्थालाई पछि विश्वविद्यालयको अंग हुने गरी शिक्षा स्नातक र बी.एड.को उपाधि दिने अधिकार प्रदान गरियो । तत्पश्चात् त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ जारी गरी २०१६ साल असार ३० गते त्रिभुवन विश्वविद्यालयको स्थापना गरियो । जहाँ त्रिविले पहिलोपटक स्नाकोत्तर तहमा शिक्षा (एमए) अध्यापन शुरुवात गरेको थियो ।

२०४१ सालसम्म उच्च शैक्षिक जनशक्ति उत्पादन गर्ने एकल संस्थाको रुपमा त्रिविले जिम्मेवारी बहन गरिरह्यो । शैक्षिक प्रणालीलाई समयसापेक्ष सुधार गर्न २०२७ सालमा नयाँ शिक्षा लागू गरियो । सो अनुरुप विद्यालय शिक्षा ऐन, २०२८ जारी भयो । सोही वर्ष राष्ट्रिय शिक्षा पद्धतिको योजना गठन गरी शिक्षा विकासमा केही सुधार गर्न खोजियो तर विद्यालय विकासमा अभिभावक तथा स्थानीय सरोकार वालाहरुलाई विश्वासमा लिन नसकेकै कारण उक्त योजनाले अपेक्षित सफलता पाउन सकेन ।

विश्वविद्यालय स्तरमा नेपालमै संस्कृत भाषामा अध्यनको अवसर उपलब्ध गराउन २०४२ सालमा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भयो । यसरी पञ्चायत कालमा दुईवटा विश्वविद्यालयरु स्थापना तथा सञ्चालन भएका हुन् । प्राविधिक शिक्षालाई व्यवस्थित गर्न प्राविधिक शिक्षा ऐन, २०४५ र माध्यमिक शिक्षालाई व्यवस्थित गर्न माध्यमिक शिक्षा ऐन, २०४६ जारी गरियो ।

बहुदलीय व्यवस्था बहालीपश्चात् त्रिविको एकल भारलाई न्यून गर्न २०४७ सालमा काठमाडौं विश्वविद्यालय स्थापना भयो । त्यस्तै गरी नेपालको पूर्वी क्षेत्रमा विश्वविद्यालयस्तरीय अध्यन अवसर उपलब्ध गराउन २०४९ सालमा पूर्वाञ्चल विश्वविद्यालय स्थापना मात्र गरिएन, बल्की त्रिविलाई व्यवस्थित गर्न त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ जारी गरियो ।

नेपालको मध्यक्षेत्रमा विश्वविद्यालय स्तरीय अध्ययन अवसर उपलब्ध गराउन २०५३ सालमा पोखरा विश्वविद्यालय स्थापना भयो । २०५८ सालमा आइपुग्दा शिक्षा ऐन परिमार्जनद्वारा शैक्षिक संस्थालाई नाफामूलक र गैरनाफामूलक गरी दुई आयाममा विभक्त गर्ने कार्य भयो । त्यसै गरी, २०६१ सालमा लुम्बिनी बौद्ध विश्वविद्यालय, २०६६ सालमा सुदूरपश्चिम विश्वविद्यालय र कृषि तथा वन विज्ञान संस्थान, २०७२ सालमा नेपाल खुला विश्वविद्यालय र २०७३ सालमा राजर्षि जनक विश्वविद्यालय स्थापना भयो । यसरी २०६२/०६३ सालको दोस्रो जनआन्दोलनपूर्व नेपालमा ६ वटा विश्वविद्यालयहरु रहेकोमा अहिले यो संख्या संघीय, प्रादेशिक र मानक गरी १७ वटा पुगेको हो ।

हालसम्म आंगिक १ सय ६२, सम्बन्धन प्राप्त ५ सय ३९, निजी ७ सय ५४, विदेशी विश्वविद्यालयसँग सम्बन्धन प्राप्त ५७ वटा गरी कुल १ हजार ५ सय १४ कलेजहरु सञ्चालनमा छन् । यसरी २०७८।०७९ मा ६ लाख ८२ हजार विद्यार्थी विश्वविद्यालय तथा कजेजहरुमा अध्ययरत छन् । जसमा त्रिविको हिस्सा ७८ प्रतिशत र अन्य शैक्षिक संस्थाको हिस्सा २२ प्रतिशत रहेको छ । आ.व. २०७९।८० मा प्राथमिकमा ४ लाख ३० हजार, माध्यमिकमा २ लाख १९ हजार र उच्च माध्यमिक तहमा १ लाख ४७ हजार गरी कुल ६ लाख ३३ हजार विद्यार्थी अध्ययन रहेकोमा सोही वर्ष शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि ७० अर्ब ५ करोड बजेट निनियोजन गरियो, जुन कुल बजेटको करिब ११ प्रतिशत हो ।

कुनै पनि शैक्षिक संस्थाको हैसियत वा गुणवत्ता के-कस्तो रहेको छ भन्ने कुरा त्यस्तै वा सो सरहका शैक्षिक संस्थाहरुसँग तुलनाका माध्ययमबाट निर्धारण गर्ने गरिन्छ । हाम्रा विश्वविद्यालयरुको विश्वका अन्य विश्व विद्यालयहरुको तुलनामा २०७९ सालमा काठमाडौं विश्वविद्यालय ३ हजार १ सय ४५ औं, त्रिवि ३ हजार ७ सय ७० औं, पोखरा विश्वविद्यालय ५ हजार ६ सय १३ औं, मध्यपश्चिम विश्वविद्यालय १९ हजार ३ सय ६६ औं, नेपाल खुला विश्वविद्यालय १९ हजार ८ सय १३ औं र सुदूर पश्चिम विश्वविद्यालय २६ हजार ३ सय १३ औं सोपानमा रहेको विश्वविद्यालयहरुको ऱ्याङ्किङ गर्दै आइरहेको संस्था वेब मेट्रिक्स डट इन्फोको प्रतिवेदनमा उल्लेख छ ।

विरासत आफैँमा ऐना हो, मार्गद्रष्टा हो, पथप्रदर्शक हो । विरासतबाट सबल र दुर्बल पक्षहरु केलाउन सकिन्छ । कहाँ चुकियो, अब के गर्नुपर्दछ भन्ने दृष्टान्त उपलब्ध गराउँछ, विरासतले । प्रस्तुत विरासतबाट नेपालको शैक्षिक क्षेत्रमा मूलत: शैक्षिक सोच, श्रमशक्ति प्रक्षेपण, पाठ्यक्रम र गुणस्तर गरी चार क्षेत्रमा सुधार आवश्यकता रहेको इंगित गर्दछ, जुन तपसिलबमोजिम गर्नु आवश्यक छ :

**शैक्षिक सोच** :

कुनै पनि कार्यबाट परिलक्षित उद्देश्य हासिल गर्न तत्सम्बन्धी प्रस्ट सोच आवश्यक पर्दछ । विशेष गरी, राज्यले उपलब्ध गराउने शिक्षा के-कस्तो हुने ? शिक्षाको राष्ट्रिय उद्देश्य के हुने ? शिक्षा सेवामूलक वा व्यावसायिक के हुने ? सबैका लागि समान वा आर्थिक हैसियतका आधारमा प्राप्त गर्न सकिने भन्ने सम्बन्धमा राज्यको धारणा के हुने ? शैक्षिक युवा तप्कालाई उद्यमशील के-कसरी बनाउने ? युवा तप्काको बदलिँदो सपना, आकांक्षा एवं महत्वाकांक्षालाई के-कसरी सम्बोधन गर्ने ? राज्यलाई आवश्यक पर्ने शैक्षिक जनशक्ति के-कति अवधिभित्र तयार पार्ने ? उच्च शिक्षा हासिलका लागि बाहिरिनुपर्ने बाध्यता निरुपण के-कसरी गर्ने ? विदेशमा पुगी ज्ञान, सीप एवं दक्षता आर्जन गरेका जनशक्तिलाई के-कसरी स्वदेशमा फर्काउने ? शैक्षिक प्रणालीलाई गुणस्तरीय, व्यावहारिक, जीवनोपयोगी, बजार माग अनुकूल के-कसरी बनाउने ? यी र यस्ता विषयहरु केस्रा-केस्रा केलाई प्रस्ट सोच, दृष्टिकोण, योजना र रणनीति अगाडि सार्नुपर्दछ ।

**श्रमशक्ति प्रक्षेपण** :

शैक्षिक संस्थाबाट उत्पादित जनशक्ति खेर हुनबाट बचाउन जनशक्ति आवश्यकता प्रक्षेपण आवश्यक पर्दछ । खासगरी, हाम्रो र ाष्ट्रिय आवश्यकता के हो ? के-कस्तो जनशक्ति, कुन-कुन क्षेत्रमा, के-कति परिमाणमा आवश्यक पर्दछ ? जनशक्ति मौज्दातकको अवस्था के-कस्तो छ ? वार्षिकरुपमा के-कति श्रमशक्ति श्रमबजारमा आगमन हुने गरेको छ ? शैक्षिक क्षेत्रमा के-कस्ता नवीनतम पद्धतिहरु प्रविष्ट भएका छन् ? आदि कुराहरुको लेखाजोखा गर्ने गरी तदनुरुप विश्वविद्यालयको पाठ्यक्रम तयार गर्नुपर्दछ । यसरी पाठ्यक्रम तयार गर्दा जनशक्ति खपत गर्ने सार्वजनिक निकाय, निजी क्षेत्र, शिक्षण संस्था र राज्यले तय गरेको आवधिक लक्ष्यबीच समन्वय, सामञ्जस्य, सहकार्य र साझेदारी गर्नुपर्दछ।

**पाठ्यक्रम** :

शैक्षिक पद्धतिलाई के-कस्तो दिशा प्रदान गर्ने भन्ने कुरा निर्धारण गर्न वैज्ञानिक पाठ्यक्रम तर्जुमा आवश्यक पर्दछ । मूलत: प्राथमिक तहका बालबालिकाको मस्तिष्क विकासको कार्य प्रारम्भिक चरणमा हुने हुँदा शैक्षिक ज्ञानभन्दा अनुशासन, आचरण, नैतिकता, सुझबुझ र स्वभावमा रुपान्तरण ल्याउन मद्दत गर्ने गरी पाठ्यक्रम निर्माण गर्नुपर्दछ । अर्थात् बालबालिकालाई अनावश्यक सैद्धान्तिक ज्ञानभन्दा अनुशासित, नैतिकवान् एवं सुशील बन्ने बनाउने गरी, सहयोगीपना विकास गर्ने गरी, सफासुग्घर रहने गरी, गुरु, मातापिता तथा अग्रजको आदर, सम्मान एवं सत्कारभाव विकास गर्ने गरी, आपत्विपद्मा पर्दा स्वउन्मुक्ति खोजमा मद्दत मिल्ने गरी पाठ्यक्रम तर्जुमा गर्नुपर्दछ । निम्नमाध्यमिक तहमा अनुशासन, आचरणका अवला हाम्रो भूगोल, इतिहास, कला, संस्कृति, सम्पदा, पुर्खाको गाथा, संवैधानिक व्यवस्थाजस्ता विषयहरुमा ज्ञान दिलाउने गरी पाठ्यक्रम तर्जुमा गर्नुपर्दछ । निम्नमाध्यमिक तहका विद्यार्थीको इच्छा, चाहना, रुचि, खुबीअनुरुपको विषय चयन गर्न मिल्ने पाठ्यक्रमीय प्रबन्ध मिलाउन बिर्सनुहुँदैन ।

क्रमश: पृष्ठ-३....

# ब्याटिङको पुरानै समस्याले टी-२० विश्वकपमा जितविहीन



अमेरिका/आईसीसी टी-२० विश्वकप २०२४ मा नेपाल जितविहीन हुँदै बाहिरिन पुग्यो । कम्तीमा दुई जितका साथ सुपर-८ पुग्ने लक्ष्य राखेको नेपालको विदेशी भूमिमा खराब ब्याटिङ यसपटक पनि दोहोरियो ।

त्यसैले समूह डी मा नेपालले खेलेका ४ मध्ये तीन खेलमा हार व्यहोऱ्यो र वर्षाका कारण टस पनि हुन नसकेकाले श्रीलंकासँग १-१ अंक बाँड्न पुग्यो । विश्वकपको प्रदर्शनमा नेपाली बलरहरुले सन्तोषजनक प्रदर्शन गरे भने ब्याटरहरु कमजोर देखिए ।

विश्वकप २०२४ मा नेपालपछि ओमान, आयरल्यान्ड र पपुवा न्युगिनी मात्रै जितविहीन हुँदै बाहिरिएका छन् । नेपाल नेदरल्यान्ड्ससँग ६ विकेट, दक्षिण अफ्रिकाविरुद्ध १ रन र बंगलादेशसँग २१ रनले पराजित भयो । नेपालको तीनै खेलमा हारको मुख्य कारण खराब ब्याटिङ हो । विश्वकपको अतिरिक्त दबाब, खराब सट छनोट र कमजोर टिमको मानसिकता पनि कारक हुन् ।

प्रतियोगितामा नेपालबाट ओपनर तथा विकेटकिपर आसिफ शेखले ३ खेलमा सर्वाधिक ६३ रन बनाए । आसिफले दक्षिण अफ्रिका विरुद्ध बनाएको ४२ र कप्तान रोहित पौडेलले नेदरल्यान्ड्सविरुद्ध बनाएको ३५ रन एकै खेलमा नेपाली ब्याटरको उच्च स्कोर रह्यो ।

प्रतियोगिताभर कुशल मल्लले ५२ बलमा ३७, रोहित पौडेल ४५ बलमा ३६, दीपेन्द्रसिंह ऐरी ४८ बलमा ३२, कुशल भुर्तेल ३९ बलमा २४, गुल्सन झा २५ बलमा २०, सोमपाल कामीले ११ बलमा ८ र सन्दीप जोराले ८ बलमा १ रन बनाए ।

नेपालले टी-२० विश्वकप खेले पनि प्रदर्शन ओडीआईमा जस्तै गर्न पुग्यो । करण केसीले १४१.६६ (एक इनिङमा १२ बलमा १७ रन) र अनिल साहले १०० (तीन इनिङ ३८ बलमा ३८ रन) को स्ट्राइकरेटमा ब्याटिङ गरे । अन्यको स्ट्राइकरेट ९० भन्दा माथि छैन ।

टी-२० विश्वकप २०२४ मा अमेरिका र वेष्टइण्डिजको कन्डिसनमा ब्याटिङ गर्न चुनौतीपूर्ण थियो । तर नेपालको जस्तो एक र न नै बटुल्न कठिन पर्ने खालको होइन । नेदरल्याण्ड्सविरुद्ध १९.२ ओभरमा १०६ रनमा अलआउट हुँदा नेपालका खेलाडीले ६६ बल डट खेलेका थिए । उक्त लक्ष्य नेदरल्याण्ड्सले १८.४ ओभर ४ विकेट गुमाउँदै पूरा गरेको थियो ।

नेपालले दक्षिण अफ्रिकालाई २० ओभरमा ११५-७ को अवस्थामा रोकेको थियो । स्पिनर कुशल भुर्तेलले ४ र दीपेन्द्र सिंह ऐरीले ३ विकेट लिएका थिए ।

क्वीन्टन डि कक, एडेन माक्रम, हेनरिक क्लासेन र डेविड मिलर जस्ता विश्वप्रसिद्ध टी-२० ब्याटरविरुद्ध नेपाली बलरको बलिङद सामान्य थिएन । तर ब्याटिङमा भने नेपालले २० ओभरमा ७ विकेट गुमाउँदै ११४ रन मात्रै बनाउन सक्यो ।

दक्षिण अफ्रिकाविरुद्ध १८ बलमा १८ रन चाहिँदा र हातमा ७ विकेट भएको अवस्थाबाट नेपालले हारेको थियो । अन्तिम दुई बलमा गुल्सन झा रन जोड्न चुकेका थिए । नेपाली ब्याटरले ६८ बल डट खेल्न पुगेका थिए ।

सोमबार नेपालले बंगलादेशलाई १९.३ ओभरमा १०६ रनमा अल आउट गऱ्यो । टेस्ट मान्यता प्राप्त टोलीमाथि पहिलो जित हात पार्ने नेपाललाई ऐतिहासिक अवसर थियो । तर नेपाल १९.२ ओभरमा ८५ रनमा अलआउट भयो । यो खेलमा नेपाली ब्याटरले ८० बल डट खेलेका थिए ।

डट बलको ५० प्रतिशत मात्रै सिंगल रन जोड्न सकेको भए नेपालले तीनै खेलमा विजयी हुनसक्ने आधार देखिन्छ । नेपाली ब्याटरले ३ खेलमा कुल ३५८ बल खेल्दा ३०५ रन बनाए । २१४ डट बल छ । करण केसीले २, आसिफ सेख, अनिल साह, कुशल मल्ल, कुशल भुर्तेल, दीपेन्द्र, गुल्सन र सोमपाल कामीले १/१ छक्का हाने ।

आसिफले ९, अनिल र रोहितले ५-५ चौका हाने । कुशल भुर्तेल ३, कुशल मल्ल र दीपेन्द्रले २/२ तथा गुल्सनले १ चौका हानेका थिए ।

नेपाली खेलाडीले बाउन्ड्रीमा जोखिम लिन सकेनन् । लगातार डट र दबाबमा आएर खराब सट खेल्दै विकेट गुमाउन पुगेका थिए । विश्वकपमा नेपालका दीपेन्द्रले ६, रोहितले २, कुशल भुर्तेलले ४, सोमपालले ३, सन्दीप लामिछानेले २ र अभिनाश बोहराले १ विकेट लिए । १८ मध्ये १४ विकेट स्पिनरले लिएका थिए । टेस्ट टोली दक्षिण अफ्रिका र बंगलादेशविरुद्ध बलिङ विश्वले तारिफ गरेको छ ।

यस विश्वकपमा नेदरल्यान्ड्सका म्याक्स ओडाउड बाहेक अन्य कुनैपनि ब्याटरले नेपालविरुद्ध अर्धशतक हान्न सकेनन् । बलरले नेपाललाई सहज जितको आधार तय गरेका थिए । तर खराब ब्याटिङले जित निकाल्न सकेन । घरेलु मैदान त्रिवि बाहिर नेपाली ब्याटरको प्रदर्शन बिर्सनलायक नै छ ।

विश्वकपको झण्डै एक महिना अघि आएर नेपालले अमेरिका र सेन्ट भिन्सेन्टमा अभ्यास गरेको थियो । तर ब्याटिङमा सुधार भएन । विशेषगरी दक्षिण अफ्रिकाविरुद्ध प्रदर्शनले नेपालको विश्वभर चर्चा चुलिएको छ । पूर्व क्रिकेटरहरुले खुलेर तारिफ गरेका छन् । नेपाली समर्थकको माया र उपस्थितिले विश्वको ध्यान केन्द्रित गरेको छ ।

तर दक्षिण अफ्रिकाविरुद्ध १ रनको हारले नेपाली टिमले आलोचना ब्यहोर्नुपऱ्यो भने समर्थकमा पनि चोट परेको छ । खराब ब्याटिङको प्रमुख कारण कन्डिसन अनुसार खेल्न नसक्नु रहेको क्रिकेट विश्लेषक रवि तिमिल्सिना बताउँछन् ।

'बीचमा बसेर सिंगल डबल खेल्नुपर्ने क्षमता राख्नुपर्थ्यो । त्यसमा खेलाडीहरु हतारिए । अनुभवको कमी अर्को कारण हो', रविले भने । त्यसैमा उनले थपे, 'विपक्षीले सधैं दबाबमा राखे । त्यसमा नेपाली ब्याटर चढेर खेल्न सकेनन् । खासमा हामी घरभन्दा बाहिर निकै कम क्रिकेट खेलेका छौं । ब्याटिङ गर्न कन्डिसनले गाह्रो भएको हो ।' नेपालका कप्तान रोहित पौडेल ठूला टोलीहरुसँग निरन्तर खेल्नुपर्ने बताउँछन् ।

'यस विश्वकपमा धेरै सकरात्मक पक्षहरु छन् । जसमा प्रतियोगिताभर राम्रो बलिङ गऱ्यौं । यो टोलीमा धेरै क्षमता छ । राम्रो देश जस्तै बंगलादेश, श्रीलंका जस्तादेशसँग निरन्तर खेल्ने हो भने सुधार हुनेछ', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# कुन्साङसँग वृक्षारोपण गरेपछि पूजा भन्छिन्, 'हामी एकअर्काको परिपूरक'



काठमाडौं/यही असार ७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'दान्भी'को प्रचारमा यतिबेला अभिनेत्री पूजा शर्माको राम्रै दौडधुप देखिएको छ । हरेक दिन मिडियामा अन्तर्वार्ता दिन भ्याइनभ्याइ भइरहँदा उनी वृक्षरोपणमा पनि सहभागी भएकी छन् । पशुपति मन्दिरको पूर्वमा रहेको मृगस्थली वन क्षेत्रमा सोमबार बिहान उनले फिल्मका अभिनेता कुन्साङ बोमजनको साथमा वृक्षरोपण गरेकी थिइन् ।

पूजाले खनेको खाल्टोमा कुन्साङले विरुवा राख्ने काम गरेका थिए । यो कार्यलाई पूजा एकअर्काको परिपूरकको रुपमा अर्थ्याउँछिन् । उनले भनिन्, 'हामी एकअर्काको परिपूरक हौं भन्ने हिसाबले मिलेर विरुवा रोपेका हौं ।' कुन्साङले पनि आफूहरु 'एक सिक्काको दुई पाटा' झैं रहेको तर्क गरे । 'दान्भी'मा जोडीको रुपमा प्रस्तुत भएकाले पनि उनीहरुले यो अभिव्यक्ति दिएको हुनसक्ने बुझिन्छ ।

पूजा रुख जोगाउन आवश्यक रहेको पनि औंल्याउँछिन् । उनी भन्छन्, 'काठमाडौंमा अहिले रुखभन्दा घर धेरै छन् । काठमाडौंमा घरको बढी विकास भएकोजस्तो लाग्छ । यसैले उजाड ठाउँ सकेसम्म कम बनाउन वृक्षरोपण गर्नुपर्छ । हामीलाई बचाउने भनेकै रुखविरुवाले हो । यही सखाप बनाउँदै जाने हो भने भोलि हामी नै सखाप हुने दिन आउनसक्छ । त्यसैले पनि रुख जोगाउनुपर्छ ।'

बदलाको कथामा आधारित 'दान्भी'मा पूजा 'एक्सन लेडी'को रुपमा प्रस्तुत छिन् । पहिलोपटक उनले एक्सन भूमिकामा काम गरेकी हुन् । यो फिल्म उनकै काँधमा भएकाले व्यावसायिक सफलता र कामको प्रशंसा दुवै हुन आवश्यक छ । यसैले उनले पनि दबाब महसुस गरिरहेकी छन् । दुई हप्ताअघि रिलिज ट्रेलरमा उनको छरितो एक्सन देखिएको थियो । जसलाई धेरैले तारिफ गरेका छन् ।

# सन्तोष सेनले जब कार्तिक आर्यनसँग प्रदीपलाई दाँजे



काठमाडौं/नेपालीमा एउटा प्रचलित भनाई छ, 'जति बुझ्यो त्यति कठीन, झन् झन् बुझ्यो झन् झन् कठीन ।' अभिनेता प्रदीप खड्का र निर्माता सन्तोष सेनबीचको सम्बन्ध पनि यही भनाईजस्तै छ । जति बुझ्यो त्यति नै कठीन हुन्छ । कहिले दाजु-भाईजस्ता देखिन्छन् त कहिले भेटघाट र बोलचाल नै बन्द हुन्छ । 'प्रेमगीत ३'को बेला घनिष्ट देखिएका उनीहरुको यतिबेला सम्बन्ध चिसिएको चर्चा उत्कर्षमा छ ।


तर, प्रदीपको फिल्म 'पूजार सार्की'को पोस्टरदेखि ट्रेलर सम्म फेसबुकमा सेअर गर्दै निर्माता सेनले शुभकामना दिएका थिए । फिल्म रिलिजपछि प्रदीपको अभिनयको पनि खुलेरै प्रशंसा गरे । प्रदीपले पनि सन्तोषको आगामी फिल्म 'बलिदान'मा विराज भट्टका छोरा भित्रिएपछि शुभकामना दिएका थिए । यसरी हेर्दा उनीहरुबीच सम्बन्ध राम्रै देखिन्छ । तर, देखिएजस्तो सम्बन्ध नभएको बताइन्छ ।

आइतबार सन्तोषले फेसबुकमा लेखेको स्टाटस भने निकै अर्थपूर्ण छ । उनले बलिउड 'स्टार' कार्तिक आर्यनसँग प्रदीपलाई दाँजेका छन् । यही शुक्रबारबाट प्रदर्शनरत कार्तिक अभिनीत बायोपिक फिल्म 'चन्दु च्याम्पियन' हेरेपछि उनले लेखेका छन्, 'हेर्नैपर्छ 'चन्दु च्याम्पियन' । बलिउड कार्तिक आर्यन । यदि नेपालमा त्यो स्तरमा कोही गर्छ त मात्र प्रदीप खड्का (पिके) । दुवैजना च्याम्पियन ।'

प्रदीपसँग सम्बन्ध चिसिएको चर्चाबीच सन्तोषले उनलाई अभिनयको आधारमा कार्तिकसँग दाँजेर प्रशंसा गर्नु आफैंमा अर्थपूर्ण छ । कार्तिक र प्रदीप दुवै 'रोमान्टिक हिरो' कहलिन्छन् । तर, फरक विषयका फिल्ममा पनि उनीहरुले आफूलाई प्रमाणित गरेका छन् । यसैले सन्तोषले कार्तिकसँग प्रदीपलाई दाँजेका हुनसक्छन् । 'पूजार सार्की' हेरेपछि पनि उनले प्रदीपलाई 'अद्भुत' भनेका थिए ।

तर, रोचक कुरा के छ भने सन्तोषको कुनै पनि स्टाटस न प्रदीपले सेअर गरेका छन् न कमेन्टमा धन्यवादको शब्द खर्चिएका छन् । यसले भने उनीहरुबीच सम्बन्ध सन्तुलित नरहेको बुझाउँछ । नभए प्रदीप आफ्नो प्रशंसामा फिल्मकर्मीले लेखेको स्टाटसमा अक्सर प्रतिक्रिया जनाउँछन् । अब सन्तोषसँग उनको वास्तवमै सम्बन्ध विग्रिएको हो वा विग्रिएजस्तो मात्र देखाएका हुन्, बुझ्न कठीन छ ।

# विश्व बैंकको आईडीए बैठक तयारी पूरा, प्रधानमन्त्रीले उद्घाटन गर्ने




काठमाडौं/विश्व बैंक समूह अन्तर्गत अन्तर्राष्ट्रिय विकास संघ (आईडीए)-२१ को तेस्रो बैठक मंगलबारदेखि काठमाडौंमा सुरु हुँदैछ ।

विश्व बैंक समूहले नेपालमा आयोजना गरेको यो अहिलेसम्मकै ठूलो बैठक हो । ४ असारदेखि ७ असार (१८ जुनदेखि २१ जुन २०२४) सम्म बैठक काठमाडौंमा चल्नेछ । नेपालले गरेको प्रस्तावलाई विश्व बैंक व्यवस्थापनले स्वीकार गरी नेपालमा सञ्चालन गर्न लागेको उक्त बैठकमा विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशक एक्सेल भान ट्रोटसेनवर्ग लगायत उच्च पदस्थ पदाधिकारी सहित ६१ देशका करिब २०० भन्दा बढी प्रतिनिधि सहभागी हुँदैछन् । बैठकको उद्घाटन मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गर्नेछन् ।

आगामी ३ वर्षका लागि आईडीए देशलाई प्रदान गरिने सहुलियतपूर्ण ऋण तथा अनुदान सहायता तथा प्राथमिकता क्षेत्र, नीति ढाँचा, नतिजा खाका र सोको लागि आवश्यक वित्तीय स्रोतको प्रतिबद्धता व्यक्त गर्ने सम्बन्धमा दातृ पक्ष, सहायता प्राप्त गर्ने देशका प्रतिनिधि र विश्व बैंकका उच्च पदस्थ पदाधिकारीहरू बीच ४ दिनसम्म प्रविधिक सत्रमा छलफल हुने बताइएको छ ।

सो अवसरमा बैठकमा सहभागीहरूबाट विश्व बैंक समेतका सहयोगमा नेपालमा सञ्चालित शिक्षा, खानेपानी, पुनर्निमाण, उर्जा, जलवायु लगायतका क्षेत्रसंग सम्बन्धित विभिन्न ९ वटा आयोजनाहरूको समेत स्थलगत भ्रमण हुनेछ । नेपालमा सञ्चालन भएका आयोजनाको प्रगति र अवस्थाबारे विश्व समुदायलाई नजिकबाट देखाउन र बुझाउन यसले अवसर प्रदान गर्नेछ ।

दक्षिण एसियामै पहिलो पटक आयोजना हुन लागेको विश्व बैंकको उक्त प्रकृतिको उच्च स्तरीय बैठकको तयारी सम्पन्न भएको अर्थ मन्त्रालयले जनाएको छ ।

काठमाडौंस्थित होटल सोल्टीमा सञ्चालन हुने उक्त बैठकमा सहभागिताका लागि हालसम्म विभिन्न देश तथा विश्व बैंकबाट करिब १ सय ५० जनाभन्दा बढी प्रतिनिधि काठमाडौं आइपुगेका छन् । बाँकी आजै आइपुग्ने बताइएको छ ।

यस बैठकको आयोजनाबाट नेपालको विकास अनुभव र सफल मोडलको जानकारी विश्व समुदायलाई हुने, नेपालका विकास प्राथमिकतालाई आईडीएको नीति प्रथमिकतासँग तादम्य गराउन अवसर मिल्ने, अन्तर्राष्ट्रिय स्तरमा पहिचान बढ्ने, आगामी दिनमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका ठूला कार्यक्रम सञ्चालन गर्न आत्मविश्वास बढ्ने, पर्यटन प्रवर्द्धन र अर्थतन्त्रमा समेत टेवा पुग्ने विश्वास लिइएको छ ।

बैठक भव्य रुपमा सफल पार्न नेपाल सरकारका तर्फबाट सम्पूर्ण सहयोग हुने प्रतिबद्धता अर्थमन्त्री वर्षमान पुनले जनाएका छन् । विश्व बैंकसँग नेपालको ६ दशक लामो साझेदारी रहेको चर्चा गर्दै मन्त्री पुनले नेपालको विकासमा बैंकले उदारतापूर्वक गरेको सहयोगको प्रशंसा गरे ।

मन्त्री पुनले पाइपलाइनमा रहेका दुई ठूला जलविद्युत् आयोजना माथिल्लो अरुण र दूधकोशी निर्माणमा विश्व बैंकले देखाएको निरन्तरको चासो र प्रतिबद्धताको उनले सराहना गरे ।

उनले नेपाल ती दुवै आयोजना अघि बढाउन तत्पर रहेको जानकारी दिँदै उनले वित्तिय व्यवस्थापनको टुंगो छिट्टै लाग्ने विश्वास व्यक्त गरे ।

सुशासन र संस्थागत क्षमताको सुदृढीकरण तथा आगामी सन् २०२६ भित्र नेपाललाई विकासशील मुलुक (एलसीडी) मा स्तरोन्नति, जलवायु परिवर्तनका प्रभावसँग जुध्न र सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन तथा रोजगारी सिर्जनालगायत योजनाका लागि नेपाललाई सहुलियतपूर्ण कर्जामा जोड दिन मन्त्री पुनले आग्रह गरे ।

उनले २१औं आईडीए बैठकमार्फत विश्व बैंकले वित्तीय सहयोगलाई मात्र नभई ज्ञान र नवप्रवर्तनका क्षेत्रलाई समेत प्राथमिकतामा राख्न अनुरोध गरे ।

फरक प्रसंगमा मन्त्री पुनले नेपालको अर्थतन्त्रको आकार सानो नभई मध्यमस्तरको भएको उल्लेख गरे । जवाफमा विश्व बैंकका प्रबन्ध निर्देशक ट्रोटसनबर्गले आईडीए-२१ को तेस्रो रिप्लेनिसमेन्ट बैठक आयोजना गरेकामा नेपाललाई बधाई र धन्यवाद दिए ।

नेपाल र विश्व बैंकबीच लामो साझेदारी रहेको चर्चा गर्दै उनले नेपाललाई बैंकले सधैं उच्च प्राथमिकतामा राखेको बताए । आगामी दिनमा समेत सहकार्य थप मजबुत भएर जाने उनको भनाइ थियो ।

*(स्रोत: अनलाइनखबर)*

# नेपालको शैक्षिक विरासत....

माध्यमिक तथा उच्च माध्यमिक तहमा विद्यार्थीमा निहित रुचि, क्षमता र खुबीको क्षेत्रमा अगाडि बढ्न सहयोग मिल्ने गरी पाठ्यक्रम निर्माण गर्नुपर्दछ । माध्यमिक तहमा समष्टिगत (होलास्टिक) ज्ञान र उच्च माध्यमिक तहमा निश्चित विधामा मार्गप्रशस्त हुने गरी पाठ्यक्रम तर्जुमा गर्नुपर्दछ । पाठ्यक्रममा उपयोगहीन विषयवस्तुहरु किमार्थ समावेश गर्नुहुँदैन । सबै विषयमा सतही ज्ञान दिनुको अलवा कुनै निश्चित क्षेत्रमा विज्ञता हासिल गर्न मद्दत मिल्ने गरी पाठ्यक्रम निर्माण गर्नुपर्दछ ।

विश्वविद्यालय पाठ्यक्रमको मूल उद्देश्य विद्यार्थीभित्र, क्षेत्रगत विशिष्टीकरण, खोज, अनुसन्धान, अन्वेषण, सिर्जनशीलता र आलोचनात्मक सोचाइ केन्द्रित हुनुपर्दछ । पेसागत विभेदलाई बढावा दिने गरी पाठ्यक्रम तय गर्नुहुँदैन । विश्वका कैयौं मुलुकमा डाक्टर, इन्जिनियर, प्लम्बिङ, इलेक्ट्रिसियन, गार्डेनिङ, डकर्मी, सिकर्मीजस्ता पेसागत विधालाई समान पारिश्रमिक तथा सम्मान दिइने गरेको सन्दर्भमा पाठ्यक्रमले उक्त कुरा आत्मसात् गरेको हुनुपर्दछ । उच्च शिक्षालाई शोध-अनुसन्धानमुखी बनाउन शोधविधि, प्रक्रिया, अवधि, वैधता, वस्तुनिष्ठता, उपादेयता, सूचना प्रविधिको प्रयोग र विद्युतीय पुस्तकालय आदि क्षेत्रमा रहेका कमी-कमजोरीहरु पाठ्यक्रमद्वारा सम्बोधित हुनुपर्दछ ।

**गुणस्तर :**

शैक्षिक संस्थाबाट प्रदान गरिने शिक्षालाई के-कति गुणस्तरीय बनाउने भन्ने कुरा निर्धारण गर्न गुणस्तरको मानक निर्धारण आवश्यक पर्दछ । नि:सन्देह शैक्षिक मानक मात्रात्मकभन्दा गुणात्मक जनशक्ति उन्तपादनमा केन्द्रीकृत हुनुपर्दछ । शैक्षिक गुणत्मकवत्ता निर्माण गर्न प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, उच्च माध्यमिक र उच्च शिक्षाबीच तारताम्य मिलेको हुनुपर्दछ । यी सबै तहमा प्राप्त गर्नुपर्ने मानक (सीप, दक्षता, विज्ञता) निर्माण गरिएको हुनुपर्दछ । गुणस्तर सुधारका लागि प्रयोगशाला, पाठ्यसामग्री, भौतिक पूर्वाधार, अध्यापकीय क्षमता, दण्ड-पुरस्कार, अनुगमन तथा निरीक्षण पद्धतिलाई अब्बल तुल्याउनुपर्दछ । गुणस्तर सुधार लक्ष्य र समयसीमा अनुबन्धित हुनुपर्दछ । पाँच, दश वा बीस वर्षमा के-कस्तो गुणास्तरसहित कुन उचाइमा पुऱ्याउने, लक्ष्य र समयसीमा निर्धारण गरी, लक्ष्य प्राप्तार्थ आवश्यक स्रोत-साधन सुनिश्चय गर्नुपर्दछ । लक्षित गुणस्तर प्राप्तिका लागि वस्तुनिष्ठ योजना एवं कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । गुणस्तर सुधार निरन्तरताको सिद्धान्तलाई (काइजेन) आत्मसात् गर्नुपर्दछ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# 'ब्लकबस्टर' भएको हो 'पूजार सार्की' ?

काठमाडौं/एक वर्षदेखि चलचित्र विकास बोर्डले बक्सअफिस रिपोर्ट सार्वजनिक गरेको छैन । जसले गर्दा निर्माताले बढाइँचढाइँ पनि फिल्मको कलेक्सन सार्वजनिक गरिरहेका छन् । तर, गत जेठ १० गतेबाट प्रदर्शनरत दुई फिल्म 'पूजार सार्की' र 'फर्की फर्की'को व्यापारिक आँकडा बाहिर ल्याइएको छैन । जसले गर्दा दुवै फिल्मको व्यापार अपेक्षाकृत नभएको हुनसक्ने अड्कलबाजी पनि भइरहेको छ ।

यसैबीच, 'पूजार सार्की'को निर्माण कम्पनी किङ्गडम नेटवर्कले फिल्मलाई 'ब्लकबस्टर' घोषणा गरेको छ । सोमबार जारी फिल्मको एक पोस्टरमा 'ब्लकबस्टर' उल्लेख छ । २४औं दिनमा पनि देशभरका ५० भन्दा बढी स्क्रिनहरुमा फिल्म रिलिज भइरहेको निर्माण कम्पनीले जनाएको छ । तर, कलेक्सन रिपोर्ट सार्वजनिक नै नगरी 'ब्लकबस्टर' दाबी गर्नुलाई भने धेरैले स्वभाविक मानेका छैनन् ।

निर्माताले फिल्मको लागतबारे जानकारी नगराए पनि मार्केटिङसहित करिब साढे २ करोड भेटेको आँकलन गर्न सकिन्छ । लगानी उठाउन मात्र फिल्मले नेपालमा कम्तिमा ६ करोडमाथिको व्यापार गर्नैपर्छ । यो हुँदा फिल्म 'हिट' कहलिन्छ । 'ब्लकबस्टर' हुनलाई भने लगानीको दुई सय प्रतिशत मुनाफा कमाउनैपर्छ । 'पूजार सार्की'सँग 'फर्की फर्की' पनि आएकाले यो सम्भव भएको देखिँदैन ।

तथापि, 'पूजार सार्की'ले व्यापारमा भने बाजी मारेको छ । रिलिजको चौंथो हप्ता आइपुग्दा पनि मल्टीप्लेक्सहरुमा सुखद् शोजसहित आफ्नो उपस्थिति जनाइराख्नुले नै फिल्मको सफलता बोल्छ । अझै पनि सार्वजनिक विदामा फिल्मको अकुपेन्सी सुखद् देखिन्छ । बलियो 'स्टारकास्ट' र विषयवस्तुका कारण फिल्मलाई ठूलो फाइदा पुगेको छ । सम्भवत: यो फिल्मले ५१औं दिन मनाउन सक्नेछ ।

# 'एक्टर'को छायांकन भ्याएर अमेरिका फर्किए राजबल्लभ



काठमाडौं/अभिनेता राजबल्लभ कोइरालाले करिब ९ वर्षपछिको कमब्याक फिल्म 'एक्टर'को छायांकन सकाएका छन् । गत जेठ दोस्रो साता फिल्मको छायांकनका लागि उनी अमेरिकाबाट काठमाडौं आइपुगेका थिए । आइतबार आफ्नो भागको छायांकनसँगै डबिङ समेत पूरा गरेर उनी सोही साँझ अमेरिका फर्किसकेका छन् । प्राप्त जानकारी अनुसार, यसमा उनी नकारात्मक भूमिकामा देखिनेछन् ।

अमेरिका फर्किएपछि राजबल्लभले फेसबुकमा स्टाटस लेख्दै बीचमा केहीपटक नेपाल आए पनि ११ वर्षपछिको मातृभूमि आगमन निकै विशेष बनेको उल्लेख गरेका छन् । निर्देशक र निर्मातासहित प्राविधिक र कलाकार टोलीले आफ्नो सेड्युल समयमै पूरा गर्न सहयोग गरेकोमा आभार व्यक्त गर्दै उनले समय व्यस्तताले गर्दा साथीभाईहरुसँग भेटघाट गर्न नपाएकोमा भने क्षमा मागेका छन् ।

हालै एक पोडकास्टमा उनले फिल्मबाट विश्राम लिएर अमेरिका जानुको कारण समेत खुलाएका छन् । उनी भन्छन्, 'फिल्म भनेको ३ घण्टाको हुन्छ । बाँकी २१ घण्टा त मेरो आम जिन्दगी छ । त्यो २१ घण्टाको जवाफदेहिता मैले लिनुपर्छ भनेरै फिल्मबाट 'एग्जिट' लिएको हुँ । तर, फिल्म क्षेत्र एकदमै मिस गर्थें । यसैले त फर्किएँ । स्क्रिप्ट र चरित्र मनपऱ्यो भने भोलिका दिनमा पनि फिल्म गर्छु ।'

राजन भुषालको डेब्यु निर्देशन तथा थमन कुमार भण्डारीको निर्माण रहेको 'एक्टर'मा राजबल्लभ सहित प्रदीप खड्का, आना शर्मा, दिव्या रायमाझी, सुशील सिटौला, दिव्य देवको पनि अभिनय छ । दिव्याले यही फिल्मबाट डेब्यु गरेकी हुन् । उनी अभिनेता दीलिप रयमाझीकी छोरी हुन् । आगामी कात्तिक १५ गते लक्ष्मीपूजाबाट प्रदर्शनमा आउन लागेको फिल्मका छायाँकार नरेन्द्र मैनाली हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# युनिलिभरको चुक्तापुँजी बढ्ने हल्लामात्र

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ हेटौंडा-३ बसामाडीमा उद्योग रहेको युनिलिभर नेपाल लिमिटेडले केही समय अघि अधिकृत पुँजी बढाएर पछि चुक्तापुँजी बढाउने वा नबढाउने भन्ने विषयमा तीव्र बहस सुरु भएको छ ।

कुनैपनि कम्पनीले अधिकृतपुँजी वृद्धिको निर्णय गर्नासाथ त्यसले चुक्तापुँजी पनि बढाउँछ भन्ने लगानीकर्तामा भ्रम उत्पन्न भएको छ । त्यसो त, चुक्तापुँजी वृद्धि गर्ने घोषणा गरेका कम्पनीले साधारण सभामा अधिकृतपुँजी पनि बढाउने एजेन्डा पेश गरेका हुन्छन् । तर, अधिकृतपुँजी वृद्धि गर्दैमा चुक्तापुँजी बढ्छ वा बढाउनुपर्छ भन्ने कुरा कहींकतै उल्लेख भएको छैन । जानकारहरुका अनुसार अधिकृतपुँजी बढाएपछि चुक्तापुँजी बढाउनुपर्ने बाध्यता पनि हुँदैन । तर, यस्तो भ्रम अहिले युनिलिभर नेपाल लिमिटेडको लगानीकर्तामा देखिएको छ ।

यो कम्पनीले ३० करोड रुपैयाँ रहेको अधिकृतपुँजी बढाएर २ अर्ब १४ करोड रुपैयाँ पुऱ्याएपछि लगानीकर्तामा बहसको विषय बनेको हो । यही कुरालाई लिएर लगानीकर्तामाभ्र युनिलिभरले पनि अब चुक्तापुँजी बढाउँछ भन्ने हल्ला बजारमा व्यापक चलिरहेको छ । अब युनिलिभरले पुँजी बढाउन हकप्रद वा बोनस सेयर दिन्छ भनेर कतिपयले सेयर कारोबार गरेको पाइन्छ ।




तर, यसरी अधिकृतपुँजी वृद्धि गरेकै भरमा कम्पनीले चुक्तापुँजी पनि बढाउँछ वा बढाउँनुपर्छ भन्ने कुरामा कुनै पनि सत्यता नरहेको सेयर बजारका जानकार अधिवक्ता ज्योति दाहाल बताउँछन् । 'यदि युनिलिभरले चुक्तापुँजी बढाउनलाई अधिकृतपुँजी बढाएको हो भने त पहिला नै यसको ३० करोड रुपैयाँ अधिकृत पुँजी थियो । जुन हाल कायम चुक्तापुँजीको ३ गुणा बढी हो । हाल युनिलिभरको चुक्तापुँजी ९ करोड २० लाख ७० हजार रुपैयाँ रहेको छ । यसको मतलब यो भन्दा अगाडि नै यसले ३ गुणासम्म चुक्तापुँजी बढाउन सक्ने थियो,' उनले भने ।

'कम्पनीको रिजर्भमा ४ अर्ब रुपैयाँ भन्दा धेरै छ । ऋण छैन, अब यस्तो कम्पनीले धेरै पुँजी बनाएर गर्ने के ? अहिले अधिकृतपुँजी बढाउनलाई सरकारले छुट दिएको छ, शुल्क लाग्दैन । यसैकारण यो कम्पनीले पनि छुटको सुविधा लिएको हो जस्तो लाग्छ । कि होल्डिङ कम्पनी ल्याउनलाई पुँजी बढाएको हुनसक्ला । तर, चुक्तापुँजी नै बढाउनको लागि अधिकृतपुँजी बढाएको हो भन्न चाँहि मिल्दैन,' अधिवक्ता दाहाल भन्छन् । तर, अधिकृतपुँजी बढाउने निर्णयकै आधारमा अब चुक्तापुँजी पनि बढ्ने र यसका लागि कम्पनीले बोनस सेयर वा हकप्रद वितरण गर्छ भन्ने निष्कर्षमा भने पुगिहाल्न नहुने जानकारहरुको भनाई छ ।

त्यसो त, युनिलिभर जस्तै बोटलर्स नेपाल (तराई) को अधिकृत पुँजी ३ अर्ब १२ करोड १० लाख रुपैयाँ छ । तर, यो कम्पनीले चुक्तापुँजी बढाउने कुनै किसिमको घोषणा गरेको छैन । यसको पुँजी आर्थिक वर्ष २०७२/७३ मा पनि त्यही थियो र अहिले पनि त्यही नै छ । जबकी यसको चुक्तापुँजी जम्मा १२ करोड १० लाख रुपैयाँमात्र छ । यसबाट के बुझ्न सकिन्छ भने चुक्तापुँजीको तुलनामा अधिकृतपुँजी अनुपात निकै बढी हुनसक्छ । यस्ता कम्पनीले आवश्यक नपरी चुक्तापुँजी बढाउँदैनन् ।

युनिलिभर लिमिटेडले आवश्यक नपरी ३० करोडबाट २ अर्ब १४ करोड अधिकृतपुँजी पुऱ्याएको होइन भन्ने तर्कहरु धैरैले गरिरहेका छन् । चुक्तापुँजी कम भएको हुनाले उसको सेयर सप्लाई पनि धेरै छैन । सप्लाई नभएसम्म मूल्य राम्रोसँग बढ्न सक्दैन । यसमा आधिकारिक सूचना नआएसम्म यस्तै हुन्छ भन्न नसकिने जानकारहरु बताउँछन् । हल्लै हल्लाको भरमा कुनै पनि कम्पनीको सेयर खरिदबिक्री गर्नु जोखिमयुक्त हुनसक्छ । यस्तै कुरालाई बढी प्राथमिकतामा राखेर केही स्वार्थ समूहले मूल्यमा ठूलो उतारचढाव ल्याउन सक्छन् ।

कम्पनीले कर्जा तिर्न, नयाँ आयोजनमा लगानी गर्न वा नियामकले निर्देशन दिएको खण्डमा क्यापिटल बढाउने गर्छन् । अन्यथा, व्यापार व्यवसाय पनि राम्रो चलिरहेको छ, नाफा र लाभांश वितरण क्षमता पनि राम्रो छ भने त्यस्ता कम्पनीले थप पुँजी बढाएको भने कमै देखिन्छ ।

यस विषयमा कम्पनीलाई के पुँजी बढाउन साच्चै आवश्यक छ वा छैन ? भनेर लगानीकर्ता स्वयमले नै अध्ययन गर्नुपर्ने बताइएको छ । कतिपय अवस्थामा कम्पनीले कुनै मेसिनरी, पार्टपुर्जा खरिद गर्न वा कम्पनीका केही योजना कार्यान्वयन गर्न पनि अधिकृतपुँजी बढाइराख्ने निर्णय गर्न सक्छन् ।

# प्रदेश भ्रमणवर्ष सकिन लाग्दा ट्राभल बुक तयार पार्दै सरकार

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ बागमती प्रदेश सरकारले 'प्रदेश भ्रमण वर्ष २०२४' को निरन्तरता सहित प्रदेश भित्रका पर्यटकीय गन्तव्य तथा पर्यटन क्रियाकलाप जारी राख्ने जनाएको छ । आगामी आर्थिक वर्ष २०८१/८२ का लागि संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका लागि दुई अर्ब ४६ करोड बजेट विनियोजन गरिएको छ ।

शनिबार आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले प्रदेशसभामा बजेट प्रस्तुत गर्दै पर्यटनको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने बताए । उनले प्रदेशमा थप पर्यटकीय गन्तव्य तथा पर्यटन विधाको पहिचान र प्रवर्द्धनको लागि र पर्यटकको यात्रा तथा भ्रमणयोजनामा सहजीकरण गर्नको लागि 'ट्राभल बुक' तयार गरिने बताएका छन् । प्रदेश सरकारले ट्राभल बुक तयार पर्दासम्म भ्रमण वर्ष सकिने भएको छ ।

बाह्य पर्यटकको संख्या वृद्धि गर्न छिमेकी मुलुकका प्रमुख सहरमा पर्यटक लक्षित रोड सो, मेला, महोत्सव जस्ता पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने मन्त्री थपलियाले बताएका छन् । मन्त्री थपलियाले अन्तरप्रदेश समन्वयमा जनकपुर, लुम्बिनी, देवघाट र मुक्तिनाथ जोड्ने सांस्कृतिक सम्पदा परिपथ विकास गरिने बताए । चितवनका सौराहा, मेघौली, माडी र सिराइचुली जोडेर पर्यापर्यटन परिपथ, पाटन दरबार क्षेत्र, बसन्तपुर, कीर्तिपुर, भक्तपुर र चाँगुनारायण क्षेत्र जोडेर सम्पदा परिपथ र काठमाडौंको पशुपतिनाथ, डोलेश्वर, दत्तात्रय, सुवर्णेश्वर, अनन्त लिङ्गेश्वर, सन्तानेश्वर, महादेव पोखरी जोडेर शिव परिपथ विकास गरिने बताए ।

मन्त्री थपलियाले चितवनका सौराह, मेघौली, गोलाघाट, भक्तपुरको नगरकोट, दोलखाको शैलुङक्षेत्रलाई खुला चलचित्र छायाङ्कन क्षेत्रको रुपमा विकास गर्ने योजना रहेको बताए । बागमती प्रदेशमा रहेका विभिन्न जात्रा तथा पर्वको संरक्षण, संवर्द्धन र सञ्चालनका लागि अक्षयकोष स्थापना गर्न ५ करोड रुपैयाँ विनियोजन गरेको मन्त्री थपलियाले बताएका छन् । बागमती प्रदेशभित्र रहेका कला, संस्कृति, भाषा, लिपि, जातजाति, धर्म, बाजागाजा आदिका बारेमा अध्ययन अनुसन्धान गरिने बताएका छन् ।

प्रदेश सरकारले नेपालको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति र परिवर्तनको इतिहास प्रतिविम्वित हुने क्रान्ति स्मृति संग्रहालय स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरेको मन्त्री थपलियाले बताए । बागमती प्रदेशलाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गरी पर्यटकको बसाइ अवधि लम्ब्याउन र प्रतिपर्यटक खर्चवृद्धि गर्न पर्यटन पूर्वाधार निर्माण तथा सुधार गरिने योजना रहेको मन्त्री थपलियाले बताएका छन् ।

प्रदेशसभाको प्रत्येक निर्वाचन क्षेत्रमा एक पर्यटकीय क्षेत्र पहिचान गरी एकीकृत पर्यटन विकास कार्यक्रम सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न बजेट व्यवस्था गरेको उनले जानकारी दिएका छन् । बागमती प्रदेशभित्र रहेका मूर्त र अमूर्त संस्कृति र सम्पदाको संरक्षण गर्न आवश्यक रहेकाले सरकारले नीति तर्जुमा गरी समुदायको सहभागितामा विभिन्न जातजाति, भाषा, साहित्य, दर्शन, संस्कृति, कला, पुराना बाजा, संगीत, नाच र नाट्यलगायत अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण, संरक्षण र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने बताइएको छ ।

# एमसीसी सबस्टेसन ठेक्का अन्तिम चरणमा, प्रसारण लाइनको कहिले ?

काठमाडौं, ३ असार/ अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को अनुदानमा बन्ने तीन वटा विद्युत सबस्टेसनमध्ये दुई वटाको ठेक्का सम्झौता भएको छ ।

यसअघि न्यु बुटवल सबस्टेसन (लट-२) को ठेक्का सम्झौता भइसकेकोमा शनिबार मात्रै लट-१ अन्तर्गतको रातमाटे सबस्टेसनको पनि ठेक्का लागेको छ । तीन लटको यो परियोजनामा अब लट-३ अर्थात् न्यु दमौली सबस्टेसनको मात्रै ठेक्का लाग्न बाँकी छ । यो ठेक्का सम्झौता पनि चाँडै हुने एमसीए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले जनाए ।

तर, यो परियोजना निर्माणमा टेन्डर हालेका कम्पनीमध्ये टेक्नोइलेक्ट्रिक एन्ड इन्जिनियरिङ भारतले सबैभन्दा कम अर्थात् ३ करोड ९८ लाख अमेरिकी डलर (करिब ५ अर्ब २९ करोड रुपैयाँ) र कम प्रस्ताव गरेको छ । यो रकम लट-३ को लागत अनुमानभन्दा ११ प्रतिशत बढी भएकाले यस खण्डको निर्णयमा ढिलाइ भइरहेकमो स्रोतले बतायो । लट-२ अन्तर्गत नुवाकोटको बेलकोटगढी-७ रातमाटेमा चार सय केभी सबस्टेसन निर्माण हुनेछ । यही लटअन्तर्गत लप्सीफेदी र हेटौंडामा पनि सबस्टेसनको काम गर्नुपर्ने छ ।

प्रसारण लाइन निर्माणको टेन्डरमा प्राविधिक रुपमा योग्य ठेकेदारमध्ये सबैभन्दा कम प्रस्ताव गर्ने भारतको टेक्नोइलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनीसँग एमसीए नेपालले निर्माण सम्झौता गरेको हो । एमसीए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनी लिमिटेडका व्यापार निर्देशक राजीव अग्रवालले शनिबार यो सम्झौतामा हस्ताक्षर गरेका हुन् ।

रातमाटेमा ४ सय केभी ग्यास इन्सुलेटेड स्विचगियर (जीआईएस) सबस्टेसनको निर्माण ३९ महिनाभित्र सम्पन्न गरिने एमसीए नेपालले जनाएको छ । एक हजार मेगाभोल्ट एम्पियर क्षमताको रातमाटे सबस्टेसन नेपालकै ठूला सबस्टेसनहरूमध्ये एउटा हुने पनि जनाइएको छ ।

५ करोड १६ लाख अमेरिकी डलर (करिब ६ अर्ब ८६ करोड रुपैयाँ) मा निर्माण गरिने नयाँ रातमाटे सबस्टेसनले लप्सीफेदी र नयाँ हेटौंडा सबस्टेसनहरूबीच विद्युत् प्रसारणको लागि महत्त्वपूर्ण सेतुका रूपमा काम गर्ने पनि एमसीए नेपालले जनाएको छ ।

नेपालको प्रसारण प्रणाली विकास योजना (टीएसडीपीएन) मा नेपालको राष्ट्रिय विद्युत् प्रसारण प्रणालीको महत्त्वपूर्ण अङ्गका रूपमा परिकल्पना गरिएको ४०० केभी रातमाटे सबस्टेसन निर्माण हुनु निकै महत्वपूर्ण रहेको नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले बताए । तीनवटा सबस्टेसनमध्ये दोस्रो रातमाटेको निर्माण सम्झौतामा हस्ताक्षरबाट एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनले गति लिएको रूपमा बुझ्नुपर्ने मिलेनियम च्यालेन्ज कर्पोरेसनका आवासीय राष्ट्रिय निर्देशक डायन एल फ्रान्सिस्कोले बताए ।

४ सय केभी रातमाटे सबस्टेसनमा जलविद्युत् आयोजना र सबस्टेसनहरूबाट प्राप्त हुने ३ हजार २ सय मेगावाटभन्दा बढी बिजुली प्रसारण गर्ने क्षमता हुनेछ । नेपालमा औद्योगिक र व्यावसायिक क्रियाकलापमा वृद्धि ल्याउन यस सबस्टेसनमा विभिन्न भोल्टेज स्तरमा उपलब्ध हुने भरपर्दो बिजुली वितरण गरिने एमसीए नेपालले जनाएको छ ।

**प्रसारण लाइनको ठेक्का कहिले ?**

एमसीसीको ५० करोड अमेरिकी डलर अनुदान र नेपाल सरकारको १९ करोड ५० लाख अमेरिकी डलर योगदानमा विद्युत् प्रसारण लाइन, सबस्टेसन र सडक सुधार आयोजना सञ्चालन हुँदै छ ।

त्यसमध्ये ३ सय १५ किलोमिटर लामो ४ सय केभी क्षमताको प्रसारण लाइन, ४ सय केभीकै तीनवटा सबस्टेसन तथा दाङको भालुवाङदेखि बाँकेको शिवखोलासम्म ७७ किलोमिटर सडक स्तरोन्नति गर्ने तीन परियोजना यो बजेटबाट कार्यान्वयन हुनेछन् । यसअघि गत वर्षको ८ जेठमा प्रसारण लाइनलाई तीन लटमा बाँडेर टेन्डर आह्वान भएकोमा निर्माणको प्रस्ताव गर्ने कम्पनीमध्ये पाँचवटा प्राविधिक रुपमा योग्य ठहरिएका थिए । कम्पनीहरुले गरेको सबैभन्दा कमको टेन्डर नै एमसीएको लागत अनुमानभन्दा ६६ प्रतिशत उच्च भएपछि सो टेन्डर प्रक्रियालाई गत २६ असोजमा सम्पूर्ण रुपमा रद्द गरिएको थियो ।

त्यसपछि त्यो प्रसारण लाइनको न्यु बुटवल-गोरखपुर १८ किलोमिटर लामो सीमापार खण्डलाई छुट्याएर २ चैतमा बोलपत्र आह्वान भएकोमा परेका बोलपत्रको मूल्यांकन भइरहेको एमसीए नेपालले जनाएको छ । यसको निर्माण सम्झौता यही साउनमा गर्ने लक्ष्य लिएको एमसिए नेपालले जनाएको छ ।

'बाँकी २ सय ९७ किमि प्रसारण लाइन निर्माणका लागि यथाशीघ्र यसै वर्ष पुन: बोलपत्र आह्वान गर्ने तयारी भइरहेको छ,' एमसीए नेपालले जनाएको छ, 'प्रसारण लाइनको बाँकी अंश निर्माणका लागि पनि बोलपत्र आह्वान गर्न खरिद प्रक्रियाको अन्तिम चरणमा छौं ।'

५ वर्षमा निर्माण सम्पन्न हुनैपर्ने, नभए अमेरिकी अनुदान फिर्ता जाने प्रकृतिको एमसीए परियोजना गत वर्षको १३ भदौमा कार्यान्वयनमा गएको थियो । परियोजना कार्यान्वयन अर्थात् इन्ट्री इन्टु फोर्समा गएको मितिदेखि काउन्टडाउन सुरु हुन्छ र पाँच वर्षको अवधिमा खर्च नभएको रकम अमेरिकाले फिर्ता लैजान्छ । त्यसो हुँदा यो परियोजना कार्यान्वयनमा तीव्रता आवश्यक छ ।

*(स्रोत: अनलाइनखबर)*

# माओवादी नेतासँग हाइटेन्सन पीडितको गुनासो

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ हेटौंडा-११ थानाभऱ्याङमा हालै नेपाल विद्युत प्राधिकरणले निर्माण गरी संचालनमा ल्याएको ४०० केभी विद्युत प्रसारणलाइन पीडितको गुनासो सुन्न नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र मकवानपुरका पदाधिकारीले तदारुकता देखाएका छन् ।

माओवादी केन्द्रका नेताहरु प्रल्हाद लामिछाने, भीम पाखिन, कमलचन्द्र सुमन, बिवेक राईलगायत नेताले सिमलटार बस्तीमा पुगेर पीडितको गुनासो प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष पुऱ्याइदिने प्रतिबद्धता जनाएका छन् ।

माओवादी केन्द्रका हेटौंडा-११ नम्बर वडा कमिटीले आयोजना गरेको अंतरक्रियामा १२७ घरधुरीका प्रसारणलाइन पीडितको सहभागिता रहेको थियो ।

प्रसारणलाईन पीडितको भेलाबाट स्थानीय जीवन गुरुङको अध्यक्षतामा संघर्ष समिति निर्माण भएको छ । पीडितले उचित क्षतिपूर्तिको माग राख्दै आएका छन् । प्रसारणलाइन पीडितले आफूहरुसँग कुनै सरसल्लाह नै नगरी विद्युत प्रसारणलाइनको उद्घाटन गरेको कुराप्रति आफूहरु चिन्तित रहेको बताएका छन् ।

# १० अर्बले बढ्यो प्रत्यक्ष वैदेशिक लगानी

काठमाडौं, ३ असार/ नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) उल्लेख्य बढेको पाइएको छ । चालु आर्थिक वर्ष (आव) २०८०/८१ को ११ महिना (जेठ मसान्त) सम्म कुल ४४ अर्ब ४० करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

यो गत आव २०७९/८० को यसै अवधिको तुलनामा १० अर्ब भन्दा धेरै हो । अघिल्लो आर्थिक वर्षको जेठसम्म ३४ अर्ब ५८ करोड रुपैयाँ बराबरको प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको थियो ।

यस वर्ष सरकारले लगानी सम्मेलन आयोजना गरेको थियो । यसको प्रभाव लगानीमा देखिएको छ । उद्योग विभागका अनुसार जेठसम्म कुल ३५९ वटा प्रत्यक्ष वैदेशिक लगानीका प्रस्ताव स्वीकृत भएको छ ।

जेठ महिनामा मात्र ५२ वटा प्रस्ताव स्वीकृत भएको विभागको तथ्यांकमा उल्लेख छ । विभागका अनुसार जेठ महिनामा मात्र ३ अर्ब रुपैयाँ बराबरको वैदेशिक लगानी स्वीकृत भएको छ ।

यस वर्ष स्वीकृत भएको एफडीआईबाट २० हजार १४६ जनालाई रोजगारी सिर्जना हुने अनुमान गरिएको छ । जेठ महिनामा मात्र भित्रिएको एफडीआईबाट २ हजार ३२३ जनालाई रोजगारी सिर्जना हुने अनुमान गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*


## मकवानपुर जिल्लाको मकवानपुरगढी गाँउपालिका वडा नं. ५ को चुवार क्षेत्रमा चुनढुङ्गा (Limestone) उत्खनन् गरी खानी सञ्चालन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१/०३/०४)

बागमती प्रदेश, मकवानपुर जिल्लाको मकवानपुरगढी गाँउपालिका वडा नं. ५, को चुवार क्षेत्रमा, श्री मोटिफ मिनरल्स प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री मोटिफ मिनरल्स प्रा.लि. बनेपा, काभ्रेपलाञ्चोक<br>सम्पर्क व्यक्ति : दिपक दाहाल, फोन नं. : ९८४१२७८१०० <br>ईमेल : motifminerals@gmail.com |
| प्रस्तावको व्यहोरा | बागमती प्रदेश, मकवानपुर जिल्लाको मकवानपुरगढी गाँउपालिका वडा नं. ५, को चुवार क्षेत्रमा दैनिक ८०० मे.टन चुनढुंगा उत्खनन् गर्ने कार्य प्रस्ताव गरिएको छ । प्रस्तावित खानी क्षेत्र खानी तथा भूगर्भ बिभागले श्री मोटिफ मिनरल्स प्रा.लि. को नाममा खनिज कार्य गर्न अनुमती प्रदान गरिएको टोपो सिट नं २७८५-०९ A (१:२५,०००) मा पर्ने स्पट उचाई १३२२ मि. बाट ६०० मि. उत्तरमा रहेको बिन्दु (६१०३१२.५० पूर्व र ३०३८९६२.५० उत्तर) लाई मूल चिन्ह मानी सो बाट पूर्व १२५० मि., पश्चिम ७५० मि., उत्तर १६० मि. र दक्षिण ३४० मि. गरि जम्मा लिज क्षेत्र १.० वर्ग कि.मि. क्षेत्रमा पर्दछ । १ वर्ग कि.मि. क्षेत्रफल मध्येबाट १८.३९ हे. खानी क्षेत्र छुट्याई प्रस्तावकद्वारा ४.३९१ हे. (सम्पूर्ण वन क्षेत्र) को उत्खनन् क्षेत्रबाट दैनिक ८०० मेट्रिक टन चुनढुंगा उत्खनन् गर्ने प्रस्ताव गरिएको छ। उत्खनन् क्षेत्र बाहेक Topsoil Yard र Waste Yard को लागि ०.२२४ हे. (वन क्षेत्र), Stock Yard को लागि ०.१०५ हे. (वन क्षेत्र), र पँहुच सडकको लागि ०.२६१ हे. (वन क्षेत्र) को जमिनको प्रयोग हुनेछ। यसरी खानी संचालनको लागि कुल ४.९८ हे. (सम्पूर्ण वन) क्षेत्रको प्रयोग हुनेछ । यो खानी वार्षिक सरदर २७० दिन संचालनमा रहनेछ । |
| प्रभाव पर्न सक्ने जिल्ला / न.पा. | मकवानपुर जिल्ला, मकवानपुरगढी गाँउपालिका, वडा नं. ५ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली,साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा. / गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री मोटिफ मिनरल्स प्रा.लि.<br>बनेपा, काभ्रेपलाञ्चोक जिल्ला, बागमती प्रदेश, नेपाल<br>सम्पर्क व्यक्ति : दिपक दाहाल, फोन नं. : ९८४१२७८१००<br>ईमेल : motifminerals@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ईन्भाइरोमेन्ट एण्ड ईन्जीनियरिङ्ग सर्भिसेस,<br>टोखा- १०, टोखा नगरपालिका, काठमाडौं, नेपाल<br>ईमेल : eesconsultancynepal@gmail.com , joshitejkiran@gmail.com<br>फोन नं : ९८४१६८६२४३, ९८१०२५१५४२ |



## हार्दिक बधाई तथा शुभकामना



नेकपा माओवादी केन्द्र हेटौंडा-१० वडा कमिटीको शनिबार सम्पन्न दोस्रो अधिबेशनले अध्यक्ष **ज्ञानेन्द्र बहादुर कार्की**, उपाध्यक्ष, **गीतादेबी यादव** र **चतुरमान लामा**, सचिव **राजेन्द्र श्रेष्ठ**, कोषाध्यक्ष **सुशील श्रेष्ठ**लगायत नेतृत्व चयन प्रक्रियाबाट निर्वाचित सम्पूर्णमा हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछु ।

**सार्वजनिक मकवानपुर यातायात प्रा.लि. तथा कर्मचारी परिवार**



*'आयो टप्प टिप्यो लग्यो, मितिपुग्यो टारेर टर्दैन त्यो ।
ईन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।'*

## भावपूर्ण श्रद्धाञ्जली

**जन्म:**
वि.सं. २०४१/१२/१५ गते



स्व. अकिललाल श्रेष्ठ

**स्वर्गारोहण:**
वि.सं.२०८१/०२/२४ गते

मकवानपुर जिल्ला रेफ्री संघका अध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका वडा नं.९ लाई कर्मथलो बनाई लामो समयदेखि निरन्तर खेलकुद क्षेत्र र क्लबको खेलकूद कार्यक्रममा सहयोग पुऱ्याउन महत्वपूर्ण योगदान गर्नु भएका हाम्रा आत्मीय भाई तथा रेफ्री **अकिललाल श्रेष्ठ**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवार एवम् आफन्तजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

राजकुमार श्रेष्ठ
(अध्यक्ष) एवम्
पशुपति यूवा क्लव
PASHUPATI YUWA CLUB
हेटौंडा-९, परिवार


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना